

२०२५

# वार्षिक प्रतिवेदन

RIGHTS + RESOURCES

# विषयसूची


**हाम्रो अध्यक्षको सन्देश** — **3**

**RRI (आरआरआई)ले कसरी कार्य गर्छ?** — **4**

**हामी कहाँ कार्य गर्छौं** — **5**

**नतिजाहरू: एक झलकमा** — **6**

**२०२५ का परिणामहरू** — **8**

- समावेशी अधिकारधारक नेतृत्व र सामूहिक शक्तिको सुदृढीकरण — 9
- कानुनी तथा नीतिगत परिवर्तनको विकास — 15
- समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार — 22
- प्रमाण, जवाफदेहिता र वैचारिक नेतृत्व — 30
- प्रमुख प्रकाशनहरू — 33

**हाम्रो कार्यबाट सिकिएका सिकाइहरू** — **36**

**सुशासन, जवाफदेहिता र जिम्मेवारी** — **37**

**आर्थिक विवरण २०२५** — **38**




केन्यामा परम्परागत पोशाकमा सजिएका एक आदिवासी मासाई (Maasai) पुरुष ।
तस्बिर: आशा स्टुआर्ट (Asha Stuart) RRI, २०२५

# हाम्रो अध्यक्षको सन्देश

## सोलाञ्ज बान्डियाकी-बाजी

सन् २०२५ हाम्रो गठबन्धनका लागि नवीकरण र पुनर्विचार गर्ने वर्ष रह्यो। व्यापक राजनीतिक उथलपुथल र विश्वव्यापी विकास सहायतामा आएको अवरोधका बाबजुद, यस वर्षले हामीलाई एक विश्वव्यापी ऐक्यबद्धता सञ्जालको रूपमा आफ्नो स्थितिलाई थप सुदृढ बनाउन नयाँ गति र ऊर्जा प्रदान गऱ्यो। यसले विश्वभरका आदिवासीहरू (IPs), स्थानीय समुदायहरू (LCs) र अफ्रो-वंशजहरू (ADPs) को अधिकार र विकासका लागि महत्वपूर्ण तथा रणनीतिक उपलब्धिहरू हासिल गर्न मद्दत पुऱ्याएको छ।

हामीले राइट्स एन्ड रिसोर्सेस इनिसिएटिभ(RRI)स्थापनाको २०औँ वार्षिकोत्सव मनाउँदै यस वर्षको सुरुवात गऱ्यौ। विगत दुई दशकका हाम्रो सामूहिक उपलब्धि र चुनौतीहरूको समीक्षा गर्न तथा यस क्षेत्रका नयाँ विश्वव्यापी वास्तविकतामा हाम्रो स्थानबारे विचार गर्न यो एक महत्वपूर्ण अवसर थियो। पछिल्लो २० वर्षमा तय गरेको यात्रालाई चित्रण गर्नका निम्ति हामीले वर्षैभरि RRI का संस्थापकहरू, सबैभन्दा सुरुका अग्रणीहरू, आदिवासीका ज्येष्ठ सदस्यहरू, महिला नेत्रीहरू, युवाहरू र हाम्रा विश्वव्यापी सहकार्यकर्ता (allies) हरूसँग मननशील संवादहरू गऱ्यौँ। साथै, हामीले RRI को वर्तमान पाँच-वर्षे रणनीतिक कार्यक्रमको प्रगतिको एक स्वतन्त्र समीक्षा पनि गरायौँ, जुन सन् २०२७ मा समाप्त हुँदैछ।

यो सम्पूर्ण समीक्षा प्रक्रियाले RRI को आफ्नो क्षेत्रीय पारिस्थितिक प्रणालीभित्रको विशिष्ट स्थानलाई पुष्टि गऱ्यो। यसले देखायो कि RRI नै एकमात्र यस्तो गठबन्धन हो जसले IPs, LCs, र ADPs द्वारा नेतृत्व गरिएका तथा उनीहरूका महिला र युवाहरू सम्मिलित विविध र सशक्त आन्दोलनहरूलाई एकै ठाउँमा ल्याउँछ, र सामूहिक कार्यको शक्तिमार्फत उनीहरूको अधिकार र स्वायत्तता सुनिश्चित गर्न सहयोग गर्छ। यसले अधिकारधारकहरूको नेतृत्वमा रहेका संस्थाहरूभित्र कसरी आन्दोलनलाई अघि बढाउने भन्ने व्यापक अनुभवलाई विशेष जोड दिएको छ। साथै, मुख्य नीतिगत र वैचारिक परिवर्तनहरूका लागि समयसापेक्ष र रणनीतिक विश्लेषणहरू उपलब्ध गराउने हाम्रो क्षमता, हाम्रो वैचारिक नेतृत्व र भिन्न पृष्ठभूमि भएका सहकार्यकर्ताहरूलाई समेत एकै ठाउँमा ल्याउन सक्ने सामर्थ्यलाई यसले पुन: पुष्टि गरेका छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, यसले हाम्रो गठबन्धनको आमूल पुनर्संरचनाका लागि आधार खडा गऱ्यो। सन् २०२६ को सुरुदेखि लागू भएको यो पुनर्संरचनाले हाम्रा मुख्य साझेदारहरूको समूहमा धेरै नयाँ राष्ट्रिय अधिकारधारक संस्थाहरूलाई थपेको छ। यस प्रक्रियाले एउटा सल्लाहकार परिषद् र ज्येष्ठ सदस्य परिषद् गठन गर्नुका साथै गठबन्धनको सुशासन र प्रवेश प्रक्रियालाई स्पष्ट पारेको छ, र हाम्रो सञ्चालक समितिमा युवाहरू, अफ्रो-वंशजहरूका समुदायहरू, र उत्तर अमेरिकाका आदिवासी प्रतिनिधित्व पनि थप गऱ्यो। यी सबै परिवर्तनहरूले आदिवासी, अफ्रो-वंशज र स्थानीय समुदायको नेतृत्वमा रहेको एक ऐक्यबद्धता सञ्जालको रूपमा हाम्रो स्थितिलाई अझ सुदृढ बनायो, जसले गर्दा यस क्षेत्रमा विशेष महत्व थपिएको छ।

यस सन्दर्भमा, RRI गठबन्धनले वर्षभरि COP30 मा नयाँ विश्वव्यापी वित्तीय प्रतिबद्धताहरू उत्प्रेरित गर्न, अधिकारधारकहरूको नेतृत्वमा आधारित वित्तीय संयन्त्र 'सामुदायिक भूमि अधिकार तथा संरक्षण वित्त पहल' (CLARIFI) मार्फत समुदायहरूमा प्रत्यक्ष वित्तीय सहयोग पुऱ्याउन, र अधिकारधारकहरूको भूमि तथा स्रोत माथिको कानुनी अधिकारलाई मान्यता दिने कामलाई अघि बढायो। हामीले IP, LC, र ADP का युवा अभियानकर्ताहरूको पहिलो विश्वव्यापी सञ्जाल निर्माण गऱ्यौँ, साथै  महिला नेतृहरूको आवाज र नेतृत्वलाई बुलन्द बनाउने,भूमि-आधारित लगानी र आपूर्ति शृङ्खलाहरूको सामुदायिक निगरानीलाई सुदृढ गर्ने, र जैविक विविधताको क्षती रोक्न अधिकार-आधारित संरक्षणका प्रयासहरूलाई प्रवर्द्धन गर्ने काम पनि गऱ्यौँ। यो वार्षिक प्रतिवेदनले सन् २०२५ मा हाम्रो गठबन्धनका सदस्यहरूले नेतृत्व गरेका यी प्रभावकारी कार्यहरूका केही उदाहरणहरू प्रस्तुत गर्दछ।

हाम्रो सफलता अघि बढाउन र हामीलाई निरन्तर अगाडि बढिरहन मद्दत गर्नुहुने हाम्रा साझेदारहरू, दाताहरू र सहकार्यकर्ताहरूप्रति म  सदैव आभारी छु।

ऐक्यबद्धताका साथ,

**डा. सोलाञ्ज बान्डियाकी-बाजी**
संयोजक तथा अध्यक्ष, RRI



# RRI ले कसरी कार्य गर्दछ

RRI ले विशेषगरी भूमी तथा वनजङ्गल जस्ता प्राकृतिक स्रोतहरूबाट लाभ लिने गरी र त्सयसँग सम्बन्धित IPs, LCs, र ADPs को स्वामित्व, नियन्त्रण र लाभ प्राप्त गर्ने अधिकारलाई सुरक्षित गर्ने नीतिगत, बजार र कानुनी सुधारका विश्वव्यापी प्रतिबद्धता र कार्यलाई प्रवर्द्धन गर्दछ। यसैमार्फत RRI ले यी समुदायहरूको सामूहिक भू-पूर्णाधिकार र जीविकोपार्जनको अधिकारलाई सहयोग पुर्‍याउँछ। यस लक्ष्यलाई अगाडि बढाउन RRI ले तीनवटा विश्वव्यापी उद्देश्यहरूमा योगदान पुर्‍याउँछ:

स्थानीय स्वामित्व र व्यवस्थापन अन्तर्गत पर्ने जमिनको क्षेत्रफल उल्लेखनीय रूपमा वृद्धि गर्ने, जसले व्यवस्थापन, संरक्षण, उपयोग र वस्तु तथा सेवाहरूको कारोबार गर्ने सुरक्षित अधिकार सुनिश्चित गर्छ।

IPs, LCs, र ADPs हरुको, विशेष गरी महिला तथा युवाहरूको प्रथाजन्य र कानुनी भू-पूर्णाधिकारको अधिकारलाई प्रवर्द्धन गर्ने प्रगतिशील कानुन, नियम र अभ्यासहरूको अवलम्बनमा वृद्धि गर्ने।

IPs, LCs, र ADPs हरुका स्व-निर्धारित प्राथमिकताका आधारमा उनीहरूको सामाजिक-आर्थिक अवस्थामा नाटकीय रूपमा सुधार गर्ने।

हामी यो लक्ष्य प्राप्तिका लागि निम्न कार्यहरू गर्दछौं:

१

भूमि अधिकारको अवस्थालाई अनुगमन गर्न प्रमाणहरू जुटाउने र सुरक्षित अधिकार तथा सकारात्मक जलवायु र दिगो विकासका नतिजाबीचको सम्बन्ध विश्लेषण गर्न रणनीतिक विश्लेषणमा योगदान गर्ने।

२

सञ्जालहरूलाई एकीकृत गर्ने, संवादलाई प्रोत्साहन गर्ने, र अधिकारधारक, सरकार, निजी क्षेत्र तथा वृहत् नागरिक समाज लगायतका विविध सरोकारवालाहरूबीच आपसी समझदारी र सम्मान अभिवृद्धि गर्ने; साथै, सिकाइ आदान-प्रदान गर्ने र साझा पैरवीका उद्देश्यहरू सह-निर्माण गर्नका लागि उपयुक्त वातावरण सिर्जना गर्ने।

३

स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी मञ्चहरूमा अनुभवहरू आदान–प्रदान गर्न तथा साझा पैरवीका धारणाहरू तय गरी तिनलाई अगाडि बढाउन IP, ADP र LC संगठन, सञ्जाल र गठबन्धनहरूको क्षमता सुदृढ गर्ने।

४

महिलाहरूमा विशेष ध्यान केन्द्रित गर्दै अधिकारधारकहरूका लागि प्रत्यक्ष वित्तलाई प्रवर्द्धन गर्ने र बढाउने; साथै, विश्वव्यापी वित्तीय प्रतिबद्धताहरूका लागि सरकार र बहुपक्षीय संस्थाहरूलाई जिम्मेवार बनाउन अधिकारधारकहरूले गर्ने प्रयासमा सहयोग पुर्‍याउने।



काठमाडौँ नजिकैको लगलगे पाचा सामुदायिक वन उपभोक्ता समूहकी सदस्य गयनीमाया तामाङ माटोमा मल हाल्दै।
तस्बिर: आशा स्टुआर्ट (Asha Stuart)
RRI, २०२५

# हामी कहाँ कार्य गर्छौं

## ३१ वटा देशहरूमा सञ्चालित परियोजनाहरू



### ल्याटिन अमेरिका

बोलिभिया
ब्राजिल
कोलम्बिया
कोस्टारिका
डोमिनिकन गणतन्त्र
इक्वेडर
ग्वाटेमाला
होन्डुरस
मेक्सिको
पानामा
पेरु



### अफ्रिका

बुरुन्डी
क्यामरुन
मध्य अफ्रिकी गणतन्त्र
चाड
प्रजातान्त्रिक गणतन्त्र कङ्गो
गेबोन
केन्या
लाइबेरिया
नामिबिया
कङ्गो गणतन्त्र
रुवान्डा
सिएरा लियोन
तान्जानिया
टोगो
युगान्डा



### एसिया

भारत
इन्डोनेसिया
नेपाल
फिलिपिन्स
थाइल्याण्ड





इन्डोनेसियाको सुमात्रास्थित तेबात पुलाउ (Tebat Pulau) बाहिर खाना पकाउन भेला भएका महिलाहरू। तस्बिर: ज्याकोब मेन्ट्ज (Jacob Maentz) RRI, २०२२

# नतिजाहरू: एक झलकमा

RRI ले 'ग्लोबल साउथ' (Global South) का आफ्ना साझेदार र सहयोगीहरूलाई वित्तीय सहयोग, ऐक्यबद्धता, प्राविधिक तथा रणनीतिक विश्लेषण र वित्तिय प्रायोजन उपलब्ध गराउँछ।*

**1,017,390**

**क्टर जग्गा IPs, LCs, र ADPs को नाममा प्राप्त भयो।**

**~२,००,०००**

हेक्टर जति जग्गाको लालपुर्जाका लागि IPs, LCs, र ADPs ले आवश्यक कागजात तयार गरी स्वीकृतिका लागि सरकारसमक्ष पेश गरियो।

**३,००,००,००० +**

हेक्टर जग्गाको नक्सांकन IPs, LCs, र ADPs समुदायले समावेशी सामुदायिक प्रक्रियामार्फत गरे।

**२०९**

वटा IP, LC, र ADP समुदायको सामूहिक जग्गामा रहेका जग्गासम्बन्धी विवादहरू समाधान वा मेलमिलाप गरियो।

**१०० +**

नीतिगत विश्लेषण र सिफारिसहरू साझेदार तथा सहयोगीहरूले राष्ट्रिय भूमि तथा वन शासन र सुधार प्रक्रियालाई मार्गनिर्देशन गर्न तयार गरे।

**८० +**

सामुदायिक अनुगमन संयन्त्रहरू सहभागितामूलक पद्धति प्रयोग गरी सञ्चालनमा ल्याइयो।

**४०,००० +**

IPs and LCs सदस्यहरूलाई भू-पूर्णाधिकारको अधिकार, भूमि सुशासन, पैरवी र सामुदायिक नेतृत्वसम्बन्धी तालिम प्रदान गरियो।

***नोट:** यहाँ प्रस्तुत गरिएको भू-पूर्णाधिकारसम्बन्धी तथ्याङ्कले सन् २०२२–२०२५ को अवधिलाई समेट्छ। यो RRI को लागि हाम्रो रणनीतिक कार्यक्रम ४() को रूपरेखाभित्रको एक प्रभाव सूचक हो। तसर्थ, हामीले उक्त खाकाको समयसीमा र यसले पार्ने अपेक्षित प्रभावका आधारमा तथ्याङ्क संकलन र प्रतिवेदन तयार गरेका छौं।



दक्षिण अमेरिकाको गयाना (Guyana) मा रहेको पोटारो नदी (Potaro River) को आकाशबाट खिचिएको दृश्य। तस्बिर: आईस्टक (iStock)

सन् २०२५ मा, RRI को अधिकारधारकको नेतृत्वमा सञ्चालन भएको CLARIFI वित्तीय संयन्त्रले निम्न सहयोग प्रदान गर्‍यो:

२० देशका ७१ साझेदारहरूलाई सहयोग पुर्‍याउने गरी ८१ वटा सक्रिय परियोजनाहरू सञ्चालन गरिए, जसमा २३ वटा महिला-नेतृत्वका संगठनहरू समावेश थिए। यस मार्फत १० मिलियन डलर भन्दा बढीको प्रत्यक्ष सहयोग परिचालन गरियो।

यी परियोजनामध्ये ५०% भन्दा बढीले सामूहिक भू–पूर्णाधिकार**को** अधिकारलाई अगाडि बढाए, भने अन्य परियोजनाहरूले सुधारिएको संरक्षण, लैङ्गिक न्याय र स्थानीय अर्थतन्त्रको विकासमा ध्यान केन्द्रित गरे।

RRI गठबन्धन र यसका सहकार्यकर्ताहरूको सामूहिक र समन्वयकारी प्रयासको फलस्वरूप COP30 मा वन र भू-पूर्णाधिकारका लागि १.८ बिलियन डलर बराबरको आर्थिक प्रतिबद्धता व्यक्त गरियो।




केन्याको माजी मोटो (Maji Moto) पशुपालन फार्ममा एक मासाई (Maasai) पुरुषले आफ्नो समुदायको जग्गाधनी प्रमाणपुर्जा देखाउँदै। तस्बिर: टोनीवाइल्ड फोटोग्राफी (TonyWild Photography) RRI, २०२३

# २०२५
# का नतिजाहरू

इन्डोनेसियामा रहेको मारिया समुदायको आदिवासी विद्यालय।
तस्बिर: रेचल वाटसन
क्याम्पेन फर नेचर, RRI र CLARIFI, २०२४



## समावेशी अधिकारधारक नेतृत्व र सामूहिक शक्तिको सुदृढीकरण

# विश्वव्यापी युवा नेतृत्व

जुलाई २०२५ मा, RRI ले 'अलियान्सी मास्याराकात अदात नुसान्तारा' (AMAN) र 'बारिसन पेमुदा अदात नुसान्तारा' (BPAN) सँगको सहकार्यमा इन्डोनेसियाको बालीमा पहिलो विश्वव्यापी यूवा मञ्‌ आयोजना गऱ्यो। यस ऐतिहासिक भेलाले एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका २२ देशका ५५ जना IPs, LCs, र ADPs का युवा नेताहरूलाई एकै ठाउँमा ल्यायो। सहभागीहरूले अन्तर-क्षेत्रीय ऐक्यबद्धता निर्माण गरे र सामूहिक कार्यका लागि विश्वव्यापी युवा रोडम्यापको सह-निर्माण गरे। यस युवा सहभागिता र नेतृत्व विकासका लागि पाँचवटा साझा प्राथमिकताहरू तय गरियो, जसले युवाहरूलाई RRI गठबन्धनभित्र केवल लाभग्राही को रूपमा मात्र नभई निर्णयकर्ता  को रूपमा स्थापित गरेको छ।

यसै गतिलाई अगाडि बढाउँदै, यस गठबन्धनका युवाहरूले RRI ग्लोबल युथ नेटवर्क को सुरुवात गरे, जसले क्षेत्रीय युवा आन्दोलनहरूलाई एउटै विश्वव्यापी मञ्चमा जोड्यो। ११३ वटा विश्वव्यापी युवा संगठनहरूमा गरिएको एउटा अध्ययन (Scoping study) ले **RRI को ग्लोबल युथ नेटवर्कले एउटा गम्भीर रिक्ततालाई पूर्ति गरेको पुष्टि गरेको छ: अहिलेसम्म यस्तो कुनै पनि मञ्च उपलब्ध छैन जसले IPs, LCs, र ADPs र सहयोगी युवाहरूलाई भू-पूर्णाधिकारको सुरक्षा, जलवायु न्याय र जैविक विविधता संरक्षणको साझा मुद्दामा अर्थपूर्ण रूपमा एकै ठाउँमा ल्याउन सकेको छ।**



"ग्लोबल युथ नेटवर्क केवल एउटा गठबन्धन मात्र होइन; यो सक्रिय आशा हो। यसले हाम्रो जराहरूको सामूहिक शक्ति र जलवायु संकटलाई न्यायमा रूपान्तरण गर्ने दृढतालाई प्रतिनिधित्व गर्छ, जहाँ IPs, LCs, र ADPs र युवा परिवर्तनका केवल साक्षी मात्र होइनन्, मुख्य पात्र (नेतृत्वकर्ता) हुन्छन्। अब हाम्रो आवाज सुन्ने समय आएको छ।"

**एलेजान्द्रा पालासियोस**
अफ्रो-वंशज युवा नेतृ, इक्वेडर

RRI को निरन्तर मूल्य अभिवृद्धि गर्ने र क्षेत्रमा पूरकता सुनिश्चित गर्ने कार्यादेश अनुसार, यसले ग्लोबल युथ फोरम का सहभागीहरूलाई ब्राजिलमा हुने COP30 का लागि युवा जलवायु न्याय घोषणापत्र (Youth Climate Justice Statement) तयार गर्न सहजीकरण गर्‍यो, जसले उनीहरूको अन्तर्राष्ट्रिय जलवायु पैरवीमा समन्वययुक्त प्रवेशलाई इङ्गित गर्‍यो। RRI ले COP30 मा 'ग्लोबल युथ नेटवर्क' र कार्ययोजना सँगै यस घोषणापत्रलाई आधिकारिक रूपमा सार्वजनिक गर्‍यो।

यी पहलहरूले संयुक्त रूपमा सन् २०२६ र त्यसपछिका वर्षहरूमा विश्व वातावरणीय शासनमा दिगो युवा नेतृत्व र सहभागिताका लागि आधार तयार गर्छन्।




RRI को पहिलो 'विश्व युवा मञ्च' (Global Youth Forum) मा सामूहिक तस्बिरका लागि तयारी हुँदै युवा सहभागीहरू। तस्बिर: माटाटा (Matata) RRI र AMAN, २०२५

## समावेशी अधिकारधारक नेतृत्व र सामूहिक शक्तिको सुदृढीकरण

# महिलाहरूको सामूहिक शक्ति

सन् २०२५ मा, ‘विमेन इन ग्लोबल साउथ अलायन्स’ (WiGSA) ले IPs, LCs, र ADPs का महिलाहरूको भू-पूर्णाधिकार र वित्तमा प्रत्यक्ष पहुँचका लागि पैरवी गर्ने एउटा अद्वितीय, महादेशीय ऐक्यबद्धता सञ्जालको रूपमा आफ्नो विश्वव्यापी स्थितिलाई सुदृढ बनायो। WiGSA ले सदस्यताका लागि अभूतपूर्व संख्यामा आवेदनहरू प्राप्त गऱ्यो र अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका ६० भन्दा बढी देशहरूमा कार्यरत २८ वटा सदस्य संगठनहरूमा आफ्नो सञ्जाल विस्तार गऱ्यो।




लन्डन जलवायु कार्य सप्ताह (London Climate Action Week) मा आयोजित एक प्यानल छलफलमा बोल्दै 'वुमेन इन ग्लोबल साउथ एलायन्स' (WiGSA) का सदस्यहरू। तस्बिर: RRI, २०२५

सन् २०२५ मा, WiGSA का सदस्यहरूले एकता, समावेशिता, सम्मान, समता, समान आवाज र प्रतिनिधित्व, ऐक्यबद्धता, पारदर्शिता र जवाफदेहिता, र अन्तरसांस्कृतिक संवादका सिद्धान्तहरूमा आधारित सैद्धान्तिक आधार तय गरे। यी मार्गदर्शक सिद्धान्तहरूले लैङ्गिक असमानतालाई प्रणालीगत रूपमा कम गर्न सदस्यहरूले कसरी मिलेर काम गर्छन् भन्ने कुरालाई परिभाषित गर्छन्। साथै, यी सिद्धान्तहरूले विश्वासमा आधारित र महिलाहरूका विविध अनुभवहरूलाई साझा प्राथमिकतामा रूपान्तरण गर्ने एक विशिष्ट सामूहिक प्रक्रियालाई पनि झल्काउँछन्।

सन् २०२५ मा, महिलाहरूको पैरवीलाई सशक्त बनाउन RRI र WiGSA ले केही महत्वपूर्ण नयाँ विश्लेषणहरू तयार गरे। यस अन्तर्गत 'के विश्वव्यापी फन्डिङ आदिवासी, अफ्रोवंशज र स्थानीय समुदायका महिलाहरूसम्म पुगिरहेको छ?' नामक प्रतिवेदन पनि समावेश थियो। यस अध्ययनले महिलाका प्राथमिकताहरू र वित्तीय पहुँचमा रहेका अवरोधहरूबारे दाताहरूका मुख्य प्रश्नहरूलाई सम्बोधन गरेको छ। दाताहरूले यस प्रतिवेदनलाई भविष्यको वित्तीय संयन्त्रहरू निर्माण गर्न सहयोग पुऱ्याउने एउटा ‘उपयोगी र समयसापेक्ष स्रोत’ को रूपमा वर्णन गरे। यसलाई फरेस्ट टेन्योर फन्डर्स ग्रुप (FTFG), FAO, ल्याण्ड क्लाइमेट रिभ्यू, र FTFG २०२५ को प्रतिवेदनका प्रकाशनहरूमा पनि समावेश गरियो।

यस विश्लेषणले FTFG लाई महिलाहरूको वित्तीय पहुँचमा रहेको लैङ्गिक अन्तरलाई पहिचान गर्न र त्यसलाई सम्बोधन गर्न प्रतिबद्ध हुन पनि योगदान पुयायो। COP30 मा घोषणा गरेको १.८ बिलियन डलरको नयाँ 'टेन्योर प्लेज' (Tenure Pledge)मा यस विषयलाई समावेश गऱ्यो। साथै, यो विश्लेषण RRI को 'द प्लेज वि वान्ट' (The Pledge We Want) अभियानको एक महत्वपूर्ण बन्यो।

WiGSA ले विभिन्न विश्वव्यापी सम्मेलनहरूमा महिला नेतृत्वलाई उच्च स्तरमा प्रस्तुत गराइएको छ, जसमा CSW69, लन्डन क्लाइमेट एक्सन विक (London Climate Action Week), न्यूयोर्कको संयुक्त राष्ट्रसंघीय जलवायु सप्ताह (UN Climate Week), COP30, केन्यामा आयोजित UNEA-7, र 'महिला भूमि अधिकार पहल' का नीतिगत कार्यशालाहरू समावेश थिए। ती कार्यशालाहरूले तीनवटा 'रियो महासन्धि'(Rio Conventions)अन्तर्गत महिलाको भूमि अधिकारका लागि विश्वव्यापी वित्तलाई लोकतान्त्रिक गर्ने विषयमा केन्द्रित थिए। यी संलग्नताहरूले जलवायु, संरक्षण र वित्तीय निर्णयसम्बन्धी महिलाहरूको उपस्थिति र दृश्यतालाई थप मजबुत बनाएका छन्।

CLARIFI मार्फत चार वटा WiGSA संस्थाहरूले प्रत्यक्ष रूपमा वित्तीय सहयोग प्राप्त गरे, र अन्य सातवटा संस्थाहरूलाई ट्रपिकल एन्डिज (Tropical Andes) र (Congo Basin) कङ्गो बेसिनका क्षेत्रीय कार्यक्रमहरू मार्फत अप्रत्यक्ष रूपमा सहयोग प्रदान गरियो। CLARIFI ले भविष्यका आगामी कोष सञ्चालन चक्रका लागि WiGSA परियोजनाहरूको एउटा पाइपलाइन गरेको छ, जसले समुदायका महिला संस्थाहरूलाई प्रत्यक्ष रूपमा वित्तीय पहुँच विस्तार गर्न मद्दत गर्ने लक्ष्य राख्छ।

> "निष्कर्षहरूले महिला नेतृत्वलाई अगाडि बढाउन र निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न विद्यमान चुनौतीहरूलाई उजागर गरेका छन्। यी संरचनात्मक बाधाहरूले धेरै महिला संगठनहरूलाई स्वयंसेवकरुपी श्रममा निर्भर हुन बाध्य बनाउँछन्, जसले गर्दा बेतलबी कामलाई बढावा मिल्छ र संस्थागत दिगोपना कमजोर हुन जान्छ। आदिवासी समूहका संगठनहरूको तुलनामा आधाभन्दा पनि कम बजेट हुने अफ्रो-वशंज महिलाहरुका संगठनहरूमा यस्ता असमानता अझ बढी स्पष्ट छन्- यसले संरचनात्मक रङ्गभेदलाई दाताहरुको प्रणालीले कसरी अझैपनि अन्देखा गरेको छ भन्ने कुरालाई दर्शाउँछ। यी निरन्तर भइरहेका असमानताहरूलाई सम्बोधन गर्न महिला संगठनका आवश्यकताहरूलाई प्राथमिकता दिने दीर्घकालीन वित्तीय सहयोग र अन्तरसम्बन्धीय) दृष्टिकोणहरू आवश्यक छन्।"
>
> ***'के विश्वव्यापी फन्डिङ आदिवासी, अफ्रिकी मूलका र स्थानीय समुदायका महिलाहरूसम्म पुगिरहेको छ?' भन्ने प्रतिवेदनमाथि FTFG को समीक्षा।***

सन् २०२० मा चितवनस्थित कुसुम खोला किनारबाट चेपाङ आदिवासी परिवारहरूलाई जबरजस्ती विस्थापित गरियो, र पछि ६० घरधुरी पराबी खोलाको किनारमा सुरक्षित जमिन वा आधारभूत सेवाबिनै पुन:स्थापित भए। सन् २०२४-२०२५ मा RRI को आर्थिक सहयोगमा नेपाल आदिवासी जनजाति महिला महासंघ (NIWF) ले यस समुदायको अधिकारका लागि तथ्याङ्क संकलन, तालिम, सामुदायिक परिचालन र सरकारसँगको संवादमार्फत पैरवी गऱ्यो। काठमाडौंमा आयोजित २२० जनाको शान्तिपूर्ण प्रदर्शनले राष्ट्रिय स्तरमा ध्यानाकर्षण पनि गरायो। फलस्वरूप, सरकारले त्यहाँ खानेपानी र बिजुली जडान गऱ्यो, ६० घरधुरीका लागि जमिन सर्वेक्षण गऱ्यो, र स्थायी घर निर्माण सुरु गऱ्यो। बागमती प्रदेश सरकारले पनि इन्जिनियरिङ कलेजका प्राध्यापक र विद्यार्थीहरूसँग मिलेर एउटा नमूना वस्तीको योजना बनाउन सुरु गरेको छ। साथै १५ जना महिला सम्मिलित चेपाङ महिला संघर्ष समितिले सामुदायिक नेतृत्व र पैरवीलाई अझ सुदृढ बनाइरहेको छ।

## समावेशी अधिकारधारक नेतृत्व र सामूहिक शक्तिको सुदृढीकरण

# गठबन्धन निर्माण

नेपालको काठमाडौँमा आयोजित RRI को २० औं वार्षिकोत्सव भेलाले ४० भन्दा बढी देशका २४० भन्दा बढी अधिकारकर्मीहरू, सहकार्यकर्ताहरू, संस्थापकहरू र निर्णयकर्ताहरूलाई एकै ठाउँमा ल्यायो। सातवटा स्थानीय साझेदार संस्थाहरू (सामुदायिक वन उपभोक्ता महासंघ नेपाल; नेपाल आदिवासी जनजाति महासंघ; ग्रीन फाउन्डेसन नेपाल; आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र; नेपाल आदिवासी जनजाति महिला महासंघ; आदिवासी महिला कानुनी सचेतना समूह; र महिला अधिकार तथा स्रोत सञ्जाल) सँगको साझेदारीमा आयोजित यस चार दिने कार्यक्रमले उच्चस्तरीय प्यानलहरू, विषयगत छलफलहरू र गठबन्धनको रणनीति निर्माणका सत्रहरूलाई समेटेको थियो।



नेपालको काठमाडौँमा आयोजित RRI को २० औं वार्षिकोत्सव उद्घाटन समारोहका क्रममा एक कलाकारलाई क्यामेरामा कैद गरिएको दृश्य। तस्बिर: सन्देश चौधरी आरआरआई RRI, २०२५

यो सम्मेलनले विगतका उपलब्धिहरूको उत्सव मनाउँदै भू-अधिकारको भविष्यका लागि साझा दृष्टि सह-निर्माण गऱ्यो। सहभागीहरूले स्थानीयकरणलाई अझ सुदृढ बनाउन, समुदायको जीविकोपार्जन र अर्थतन्त्रमा उच्च प्राथमिकता, स्थानीय नेतृत्वमा अनुसन्धान अघि बढाउन, र समुदायमा आधारित संरक्षणलाई प्रवर्द्धन गर्न आह्वान गरे, साथै उत्तर-दक्षिण-दक्षिण (North-South-South) सहकार्यलाई पनि प्रोत्साहन गरे। गठबन्धनले युवा र महिलाको नेतृत्वप्रति आफ्नो प्रतिबद्धता पुन: पुष्टि गऱ्यो र नयाँ साझेदार तथा ज्येष्ठ सदस्यहरूलाई स्वागत गर्दै सदस्यता विस्तार गर्ने सहमति गऱ्यो, जसले विशेषगरी शासन संरचनामा युवाहरू, चरीचरण सम्बन्धी संस्थाहरू, र अफ्रो-वंशज प्रतिनिधिहरूको अभावलाई सम्बोधन गर्नेछ।

यो सदस्यता विस्तार गर्ने म्यान्डेट उक्त कार्यक्रमको एक प्रमुख उपलब्धि थियो, जसलाई गठबन्धनको संरचना र शासन प्रणालीमा गरिएका ऐतिहासिक परिवर्तनमार्फत कार्यान्वयन गरिएको थियो। यी परिवर्तनहरूले पहिलो पटक RRI को सञ्चालक समितिमा अफ्रो-वंशज तथा युवाहरूको प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै उत्तर अमेरिकाका आदिवासी तथा फर्स्ट नेशन्सका सदस्यहरूलाई पनि समावेश गरेका छन्।

## “RRI को ‘सामूहिक कार्य पुरस्कार’ ले हामीलाई के देखाउँछ भने जब समुदायहरू मिलेर काम गर्छन्, तब अद्भुत कुराहरू सम्भव हुन्छन्।”

**नेल्सन ओले रेइया**
सीईओ र सह-संस्थापक, नाशुलाई मासाई कन्जरभेन्सी, केन्या

काठमाडौंमा आयोजित विशेष समारोहका क्रममा, RRI ले १९० भन्दा बढी मनोनयन भएका मध्येबाट, १८ अन्तिम प्रतिस्पर्धीहरूको सूची छनोट गरि त्यसबाट तीन समुदायहरूलाई आफ्नो पहिलो ‘सामूहिक कार्य पुरस्कार’ मार्फत सम्मानित गरिएको थियो।

प्रत्येक समुदायको नाममा क्लिक गरेर उनीहरूको कामबारे छोटो भिडियो हेर्न सकिन्छ।

- केन्या: द नाशुलाई मासाई कन्जरभेन्सी (The Nashulai Maasai Conservancy)
- इन्डोनेसिया: द आरु आइल्यान्ड्स मुभमेन्ट (The Aru Islands Movement)
- ब्राजिल: द जुपागो क्रेका कलेक्टिभ (The Jupago Kreka Collective)

RRI ले यी समुदायहरूलाई उनीहरूको क्षेत्रीय अधिकार र सांस्कृतिक पुनर्जागरणका उपलब्धिका लागि मान्यता दिएको छ। सामूहिक कार्य, निरन्तर सक्रियता, र पुस्तान्तरिक नेतृत्वद्वारा दिगो परिवर्तन सम्भव हुन्छ भन्ने कुरा यो पुरस्कारले उजागर गर्छ।

RRI (आरआरआई) को २० औँ वार्षिकोत्सवले अन्तर्राष्ट्रिय सञ्चारमाध्यममार्फत तल्लो तहका समुदायहरूको दृश्यतालाई थप उचाइमा पुर्‍यायो। यस अवसरमा २० वर्षको सामूहिक प्रयासलाई सम्मान गर्ने एक वृत्तचित्रको विश्वव्यापी रुपमा पहिलो पटक प्रदर्शन पनि भयो, जसले सामुदायिक नेतृत्वमा आधारित एक विश्वव्यापी ऐक्यबद्धता सञ्जाल को रूपमा RRI को पहिचानलाई अझ सुदृढ बनाएको छ।

सन् २०२५ मा, RRI ले ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रका अफ्रो-वंशजहरूको गठबन्धनलाई आफ्नो दीर्घकालीन सहयोगको निरन्तरता दिएको थियो। यस गठबन्धनले औपचारिक रूपमा एक नयाँ नामकरण गरेको छ: ल्याटिन अमेरिका र क्यारिबियनका क्षेत्रहरू र अफ्रिकी मूलका मानिसहरूको अन्तर्राष्ट्रिय गठबन्धन(CITAFRO)।

CITAFRO को शुभारम्भ वर्षौंदेखिको क्षेत्रीय एकीकरण, अफ्रो-वंशजहरू (ADPs) का प्राथमिकताहरूको रणनीतिक स्थान निर्धारण, र प्रमुख अन्तर्राष्ट्रिय निर्णय प्रक्रियाका तहहरूमा उनीहरूको प्रतिनिधित्व बढाउन RRI को सहयोगमा गरिएको तथ्यमा आधारित पैरवीको परिणाम हो। अप्रिलमा, CITAFRO र RRI ले ब्राजिलिया घोषणापत्र (Brasilia Declaration) सार्वजनिक गरेका थिए, जसले अफ्रो-वंशजहरूको आर्थिक, राजनीतिक र सामाजिक-वातावरणीय योगदानलाई उजागर गर्नुका साथै उनीहरूको क्षेत्रमा जलवायु संकटले पारेको गम्भीर प्रभावहरूलाई पनि सम्बोधन गरेको छ।

COP30 का अवसरमा, CITAFRO र RRI ले ग्रेटर क्यारिबियन क्षेत्रका तटीय र सामुद्रिक क्षेत्रहरूको एटलस (Afro-descendant Atlas of Maritorios of the Greater Caribbean) सार्वजनिक गरे। यसले अफ्रो-वंशजहरू (ADPs) र सामुद्रिक तथा तटीय पारिस्थितिकीय प्रणालीहरूबीचको अन्तरक्रियालाई देखाउँछ, जुन विश्वव्यापी संरक्षण एजेन्डाका लागि अत्यन्त महत्वपूर्ण छन् र जलवायु परिवर्तनका कारण जोखिममा रहेका छन्। साथै, COP30 मै **CITAFRO को रणनीतिक पैरवीको कारण UNFCCC(संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी रूपरेखा महासन्धि) का आधिकारिक दस्तावेजहरूमा पहिलो पटक अफ्रिकी मूलका मानिसहरू’ (People of African Descent) सम्बन्धी भाषा समावेश गरिएको छ, जुन ३० वर्षको इतिहासमा पहिलो पटक हो। यस भाषाले अफ्रो-वंशजहरूलाई जलवायु परिवर्तनबाट असमान रूपमा प्रभावित हुने समूह र यसको न्यूनीकरणमा महत्वपूर्ण योगदान पुर्‍याउने प्रमुख योगदानकर्ताको रूपमा मान्यता दिएको छ।**

## कानुनी तथा नीतिगत परिवर्तनको प्रवर्द्धन

# DRC मा राष्ट्रिय नीति सुधार

विश्वकै सबैभन्दा ठूलो कार्बन अवशोषण क्षेत्र (Carbon sink) का रूपमा रहेको कङ्गो बेसिनको ६० प्रतिशत हिस्सा ओगटेको DRC ले स्पष्ट 'भूमि-उपयोग ढाँचा' (Land-use framework) को अभावमा लामो समयदेखि द्वन्द्व र वन विनाशको सामना गर्दै आएको थियो। सन् २०२५ जुलाईमा, DRC का राष्ट्रपतिले देशको इतिहासमै पहिलो 'भूमि-उपयोग योजना कानुन' (Land Use Planning Law) लाई हस्ताक्षर गर्दै यसलाई कानुनी रूप दिएका थिए। समावेशी र अधिकारमा आधारित भूमि सुशासनका लागि यसले एउटा ऐतिहासिक कदम अगाडि बढाएको छ।



DRC मा आदिवासी पिग्मी महिलाहरू पानी संकलन गर्दै। तस्बिर: इन्भायरो न्युज आरडीसी (EnviroNews RDC) RRI, २०२४

सन् २०२३ मा पहिलो पटक संसदबाट पारित भएको यो कानुन, RRI को आर्थिक र प्राविधिक सहयोगमा एक बृहत् नागरिक समाज गठबन्धनको दीर्घकालीन पैरवीबाट तयार पारिएको हो। यस गठबन्धनमा 'सेन्टर फर इनोभेटिभ टेक्नोलोजिज एण्ड सस्टेनेबल डेभलपमेन्ट' (CTIDD); 'कोएलिसन अफ वुमन लीडर्स फर द इन्भायरन्मेन्ट एण्ड सस्टेनेबल डेभलपमेन्ट' (CFLEDD); 'कङ्गोली रिसोर्सेस इन्स्टिच्युट' (CRI); 'सेन्टर फर सपोर्ट फर सस्टेनेबल म्यानेजमेन्ट अफ ट्रपिकल फरेस्ट्स' (CAGDFT); 'कङ्गो-वाच' (Congo-Watch); र 'डाइनामिक डेस ग्रुप्स डेस पिपल्स अटोचथोन्स' (DGPA) जस्ता संस्थाहरू संलग्न थिए।

यस कानुनका प्रमुख प्रावधानहरूमा समुदायको प्रथाजन्य भूमि अधिकार (Customary land rights) को स्पष्ट पहिचान; भूमि-उपयोग परियोजनाहरूका लागि स्थानीय जनताको स्वतन्त्र, अग्रिम, र सूचित सहमति (FPIC) को अनिवार्यता; द्वन्द्व समाधानका संयन्त्रहरू; र सिमसार, दलदल (Peatlands), तथा अन्य संवेदनशील पारिस्थितिकीय प्रणालीहरूको वातावरणीय संरक्षण समावेश छन्। महत्वपूर्णरूपमा, यसले समुदायको भू-पूर्णाधिकारको सुरक्षालाई सुदृढ गर्दै भूमि सुशासनलाई जलवायु र विकासका लक्ष्यहरूसँग समन्वय गराउँछ।

संशोधित राष्ट्रिय भूमि कानुनको प्रभावकारी कार्यान्वयनका लागि सरकारको समन्वयात्मक कदम, स्रोत परिचालन, निरन्तर अनुगमन र समुदायको दिगो संलग्नता आवश्यक पर्नेछ। यद्यपि, यस कानुनको स्वीकृति हुनु नै प्रथाजन्य भूमि अधिकारलाई पूर्ण रूपमा सुरक्षित गर्ने दिशामा एउटा महत्वपूर्ण कदम हो। RRI र यस क्षेत्रका साझेदारहरू यो कठिन संघर्षबाट प्राप्त कानुनी उपलब्धिको कार्यान्वयन तथा निरन्तर नीतिगत सुधारलाई समर्थन गर्न प्रतिबद्ध छन्।

## कानुनी तथा नीतिगत परिवर्तनको प्रवद्र्धन

# केन्यामा विवादित कोइला प्लान्टको निर्माण कार्यमा रोक

केन्यामा, RRI ले लामु (Lamu) मा प्रस्तावित कोइला प्लान्ट र किटुई (Kitui) मा भइरहेको नयाँ कोइला उत्खननको खोजी कार्यलाई रोक्न 'deCOALonize' अभियानमार्फत समुदायको नेतृत्वमा सञ्चालित सफल अभियानलाई सहयोग पुऱ्यायो। **RRI ले महिला र युवाहरू सहित २२५ भन्दा बढी समुदायका सदस्यहरूलाई हानिकारक कोइला प्रशोधन विरुद्ध आवाज उठाउन आवश्यक सहयोग र उपकरणहरू उपलब्ध गराएको थियो। यसले राष्ट्रिय वातावरणीय न्यायाधीकरणको निर्णयलाई समर्थन गर्दै कोइला प्लान्ट रोक्ने ऐतिहासिक अदालतको आदेशबाट जित हासिल गर्न योगदान पुऱ्यायो।** RRI ले वातावरण मञ्चहरू, चलचित्र प्रदर्शन, सञ्चारमाध्यममा पहुँच र लोकप्रिय #NowOrNever सामाजिक सञ्जाल अभियानमार्फत यो अभियानलाई अगाडि बढाउन सेन्टर फर ह्युमन राइट्स एण्ड सिभिक एजुकेसन (CHRCE) र सेभ लामु (Save Lamu) जस्ता पहलसँग सहकार्य गरेको थियो।



केन्याको लामुमा १,०५० मेगावाटको कोइला प्रसोधन केन्द्र (coal plant) विरुद्ध प्रदर्शन गर्दै एक प्रदर्शनकारी। तस्बिर: सेभ लामु (Save Lamu), २०२५

## कानुनी तथा नीतिगत परिवर्तनको प्रवद्र्धन

# उप-सहारा अफ्रिकामा भूमि सुशासनको प्रवर्द्धन

अक्टोबर २०२५ मा आयोजित 'अफ्रिकन ल्याण्ड इन्स्टिच्युसन नेटवर्क फर कम्युनिटी राइट्स' (ALIN) को ५ औँ सम्मेलनमा, RRI ले सिएरा लियोनको भूमि, आवास तथा सहरी योजना मन्त्रालय र सिएरा लियोन ल्याण्ड एलायन्स'सँग साझेदारी गर्दै १६ भन्दा बढी अफ्रिकी देशका सरकारी प्रतिनिधिहरू, साझेदारहरू र सहयोगीहरूलाई एकै ठाउँमा ल्याइएको थियो। RRI र यसका साझेदारहरूले सहभागीहरूबीच भूमि सुधार, जिम्मेवार भूमि सुशासन, र सामुदायिक भूमि अधिकार सुनिश्चित गर्ने सम्बन्धमा अनुभवहरू आदानप्रदान गर्न केन्द्रीय भूमिका निर्वाह गरे। राष्ट्रिय रुपमा निर्धारित योगदान (NDCs) को अनुगमन गर्ने प्रयासहरूलाई सुदृढ बनाउनुका साथै आदिवासी जनजाति र स्थानीय समुदायको भूमि अधिकारका लागि विश्वव्यापी आह्वानलाई अगाडि बढाएको छ।, समावेशी, विकेन्द्रित, र पर्याप्त बजेट व्यवस्था भएको भूमि सुशासन सुधारलाई प्रवद्र्धन गर्ने फ्रिटाउन घोषणापत्र (Freetown Declaration) मा हस्ताक्षर गर्दै यस सम्मेलनको समापन गरिएको थियो।




सामुदायिक अधिकारका लागि पाँचौं अफ्रिकी भूमि संस्था सञ्जाल (ALIN) सम्मेलनको मञ्चमा सामूहिक तस्बिरका लागि तयारी हुँदै कार्यक्रम आयोजकहरू र सरकारी अधिकारीहरू।
तस्बिर: आरआरआई (RRI), २०२५

कानुनी तथा नीतिगत परिवर्तनको प्रवद्र्धन

# बोलिभिया तथा सम्पूर्ण ल्याटिन अमेरिकामा नजिर स्थापित गर्दै

बोलिभियाको कृषि तथा वातावरणीय अदालतले उक्त मुद्दा स्वीकार गर्दै माद्रे दे दियोस नदी तथा बहुजातीय क्षेत्र II (TIM II) का समुदायहरूको पक्षमा विभिन्न अन्तरिम आदेशहरु जारी गरेको छ। खानी प्रशासनिक न्यायिक प्राधिकरण (AJAM) तथा खानी सहकारी संस्था गोल्ड कम्पारेटिभिस्ट्स एसोसिएसन (ASOBAL) विरुद्ध अदालतमा दायर गरिएको पूर्वनिवारक वातावरणीय कारबाहीको माग स्वरुप यो निर्णय आएको हो।

यस कानुनी कारबाहीले अवैध खानी गतिविधिहरूको निलम्बन, नयाँ खानी इजाजतपत्र वितरणमा रोक, र माद्रे दे दिओस (Madre de Dios) नदीलाई अधिकारको सामूहिक विषयको रूपमा मान्यता दिन माग गरेको थियो। यी अन्तरिम आदेशले बोलिभिया र सम्पूर्ण ल्याटिन अमेरिकामा एउटा महत्वपूर्ण नजिर स्थापित गरि, TIM II मा बसोबास गर्ने आदिवासी जनजातिहरूको अधिकार मात्र नभई प्रकृतिका अधिकारहरूलाई लाई पनि मान्यता दिएको छ।



माद्रे डे डियोस (Madre de Dios) नदीमा अस्ताउँदै गरेको सूर्यको दृश्य। तस्बिर: सटरस्टक (Shutterstock)

## कानुनी तथा नीतिगत परिवर्तनको प्रवद्र्धन

# इक्वेडरका संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा समुदायहरूको समावेशिता

इक्वेडरमा, RRI (आरआरआई) को स्ट्राटेजिक रेस्पोन्स मेकानिजम (SRM) बाट प्राप्त पैरवी सहयोग र वित्तीय समर्थनले **A'i Kofan आदिवासी समुदायलाई NOA'IKE संस्थामार्फत कुयाबेनो वन्यजन्तु उत्पादन आरक्ष (Cuyabeno Wildlife Production Reserve) भित्र रहेको आफ्नो २०,००० हेक्टर पुर्ख्यौली भूभागको संरक्षण, व्यवस्थापन र प्रशासन गर्ने अधिकार सुनिश्चित गर्न सक्षम बनायो।** वातावरण, जल तथा पारिस्थितिकीय संक्रमण मन्त्रालयसँगको एक सहयोग सम्झौताले यस मान्यतालाई स्थापित गरेको छ, जसले संरक्षित क्षेत्रहरूभित्र अधिकारमा आधारित संरक्षण (Rights-based conservation) का लागि एउटा राष्ट्रिय नजिर स्थापित गरेको छ।

यस सम्झौताले थेसी साम्पी (Thesi T'sampi-'जागुवारको भूमि') नामक नयाँ समुदाय स्थापना गर्न मद्दत पुर्‍याएको छ, जसले आरक्षभित्र आदिवासी शासन प्रणालीलाई सुदृढ बनाउँदै सुरक्षित बसोबासको वातावरण प्रदान गर्दछ। यो परियोजनाले संरक्षणका ढाँचाहरूले कसरी समुदायको स्वतन्त्रता र वातावरण दुवैको रक्षा गर्दै आदिवासीहरूको क्षेत्रीय अधिकारलाई मान्यता दिन र कायम राख्न सक्छन् भन्ने कुरा प्रदर्शन गर्दछ।




इक्वेडरको सेल्भा एलेग्रे (Selva Alegre) का समुदायहरूद्वारा 'रेनफोरेस्ट इक्वेडर' कम्पनीका विरुद्ध प्रदर्शन। सन् २०२० मा, यस कम्पनीले इक्वेडरको एन्डिज चोको (Andes Choc□) जैविक कोरिडोरमा ९,१९० हेक्टर जमिन ओगट्ने गरी जालसाजीपूर्ण रूपमा स्वामित्व (title) प्राप्त गरेको थियो।RRI को सहयोगमा अल्डिया (ALDEA) फाउन्डेसनले न्यायका लागि भइरहेको यो संघर्षलाई समर्थन गर्दै आएको छ। तस्बिर: ALDEA, २०२३

## कानुनी तथा नीतिगत परिवर्तनको प्रवर्द्धन

# नेपालमा सामुदायिक वन सुशासन

**सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (FECOFUN) ले गण्डकी प्रदेशमा ६ वटा सामुदायिक वन कार्ययोजनाहरू (CFOPs) का लागि सरकारी स्वीकृति प्राप्त गरेको छ,** जसमा पहिलो पटक दिगो वन व्यवस्थापनका निर्देशिकाहरू समावेश गरिएको छ। यसअघि धेरै सामुदायिक वन उपभोक्ता समूहहरूले पुराना भइसकेका कार्ययोजनाहरू नवीकरण गर्न नसक्दा वनहरू अव्यवस्थित भएका थिए र यसले महिला तथा युवाहरूको सहभागितालाई समेत सीमित बनाएको थियो।



काठमाडौँ नजिकैको लगलगे पाचा सामुदायिक वन उपभोक्ता समूहकी सदस्य गयनीमाया तामाङ माटोमा मल हाल्दै।
तस्बिर: आशा स्टुआर्ट (Asha Stuart) RRI, २०२५

नवीकरण गरिएका सामुदायिक वन कार्ययोजनाहरू (CFOPs) ले ३७८.६७ हेक्टर क्षेत्र समेटेका छन्, जसले वनको दायरा विस्तार गर्नुका साथै वनको घनत्व र स्रोतसम्पन्नतामा (forest stock) मा सुधार, तथा जीविकोपार्जनका नवप्रवर्तनहरू ल्याएका छन् जसमा पर्या-पर्यटन, गैर-काष्ठ वन पैदावार को खेती, र कार्बन व्यापारको सम्भावना समावेश छन्।

यस प्रगतिलाई संस्थागत गर्न, FECOFUN ले सन् २०२५ मा प्रदेश र संघीय तहमा नीतिगत संवादहरू आयोजना गरेको थियो। प्रदेशका अधिकारीहरूले थप कार्ययोजना नवीकरणका लागि वन विकास कोष विनियोजन गर्ने प्रतिबद्धता जनाएका छन् भने संघीय अधिकारीहरूले कार्ययोजनाका ढाँचाहरूलाई सरल बनाउने, सरकारका विभिन्न तहहरूबीच समन्वय सुदृढ गर्ने र देशभर कार्ययोजना नवीकरणका लागि बजेट सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यी सुधारहरूले सामुदायिक वन सुशासनलाई सुदृढ बनाउनुका साथै प्रदेशमा सहभागिता र जीविकोपार्जनका अवसरहरूलाई विस्तार गरेका छन्।

## कानुनी तथा नीतिगत परिवर्तनको प्रवर्द्धन

# इन्डोनेसियामा आदिवासीहरूको भूमिको मान्यता

**डिसेम्बर १७, २०२५ मा, इन्डोनेसियाको उत्तर लोम्बोक रिजेन्सी (North Lombok Regency) मा आदिवासी अधिकारका लागि एउटा ठूलो विजय हासिल भयो: उक्त रिजेन्सीका पाँच जिल्लाहरूमा रहेका १२ वटा आदिवासी भूभागहरूलाई आधिकारिक मान्यता प्रदान गरियो।** 'रिजेन्ट' नज्मुल अखियारद्वारा हस्ताक्षरित सो आदेशले ५१,१५८ हेक्टर आदिवासी भूमिलाई मान्यता दिँदै सरकारी अभिलेखमा औपचारिक रूपमा दर्ता गरेको छ, इन्डोनेसियाको उत्तर लोम्बोक रिजेन्सी (North Lombok Regency) मा आदिवासी अधिकारका लागि एउटा ठूलो विजय हासिल भयो: उक्त रिजेन्सीका पाँच जिल्लाहरूमा रहेका १२ वटा आदिवासी भूभागहरूलाई आधिकारिक मान्यता प्रदान गरियो। साथै, यसले समुदायको प्रथाजन्य कानुन र शासन प्रणालीलाई राज्यको संरक्षण रहने कुरा सुनिश्चित गरेको छ। RRI को स्ट्राटेजिक रेस्पोन्स मेकानिजम' (SRM) द्वारा आर्थिक सहयोग प्राप्त यो मान्यता, AMAN Paer Daya, समुदायका सदस्यहरू र नागरिक समाजको समर्थनमा तयार पारिएको नयाँ 'सहभागितामूलक नक्सा' को स्वीकृतिपछि सम्भव भएको हो। आदिवासी समुदायका लागि यो आदेशले कानुनी निश्चितता र वैधता प्रदान गरेको छ भने नीति निर्माताहरूका लागि इन्डोनेसियामा आदिवासी जनजातिका सम्बन्धमा भविष्यमा गरिने निर्णयहरूका लागि एउटा औपचारिक आधार र नजिर स्थापित गरेको छ। यसले समुदायको प्रथाजन्य कानुन र शासन प्रणालीलाई राज्यको संरक्षण रहने कुरा सुनिश्चित गरेको छ।




सालुट (Salut) समुदायकी आदिवासी महिला प्रतिनिधि रुमेनेप एक निर्णयको दस्तावेज (Decree document) हातमा लिएर उभिएकी छिन्।
तस्बिर: क्रिस आयु
RRI, २०२५

## समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार

# CLARIFI को विस्तार

सन् २०२२ मा सुरु भएदेखि, RRIको आदिवासी नेतृत्वको कोष प्रणाली CLARIFI ले २९ देशहरूमा १८६ वटा स्थानीय नेतृत्वका परियोजनाहरूलाई वित्तीय सहयोग प्रदान गरेको छ। आफ्ना क्षेत्रीय गठबन्धन सदस्यहरू र ग्लोबल अलायन्स अफ टेरिटोरियल कम्युनिटीज (GATC) सँग निकट रहेर कार्य गर्दै, CLARIFI ले IPs, ADPs, र LCs का लागि ४० मिलिएन(४ करोड) अमेरिकी डलरभन्दा बढी प्रत्यक्ष वित्त परिचालन गरेको छ।



क्यामरुनमा कोको पड (cocoapod) काट्ने समयमा दुई किसानहरू आपसमा कुराकानी गर्दै।
तस्बिर: सटरस्टक (Shutterstock)

सन् २०२५ मा ल्याटिन अमेरिकामा, यसले ३१ वटा परियोजना र २९ वटा साझेदारहरूलाई सहयोग गरेको थियो, जसमध्ये आठ वटा महिला–नेतृत्वमा आधारित रहेका छन्। यस क्षेत्रको एक प्रमुख साझेदार मेसोअमेरिकन टेरिटोरियल फण्ड (FTM**)** हो, जसले आदिवासी र महिला नेतृत्वका संस्थाहरूलाई साथ–सहयोग र प्राविधिक सहयोग प्रदान गर्दछ। FTM सँगको यस साझेदारीमार्फत ६ वटा देशका १६ वटा परियोजनाहरूले CLARIFI कोष प्राप्त गरिरहेका छन्, जसमा चार वटा महिला संगठनको नेतृत्वमा छन्। यी साझेदारहरूले एकअर्कासँग मिलेर आफ्नो रणनीतिक योजना, क्षेत्रीय परिकल्पना (territorial visioning), र प्रशासनिक प्रणालीहरूलाई थप प्रभावकारी बनाइरहेका छन्।

सन् २०२५ मा, CLARIFI ले मेसोअमेरिका र ट्रपिकल एन्डिज (Tropical Andes) क्षेत्रमा दुईवटा क्षेत्रीय सिकाइ आदानप्रदान कार्यक्रमहरू आयोजना गरेको थियो, जसमा ३० देशका ८५ जना IP र ADP प्रतिनिधिहरू सहभागि भएका थिए। सहभागितामूलक विधिहरूको प्रयोग गरी यी आदानप्रदान कार्यक्रमहरूले CLARIFI परियोजनाहरूबाट प्राप्त भएका महत्वपूर्ण सिकाइहरू दस्तावेजीकरण गरे, प्रभावकारी अभ्यासहरू पहिचान गरे, र दीर्घकालीन दिगोपनका लागि सिफारिसहरू तयार पारे—जसले संस्थागत रणनीतिहरू र समुदायका यथार्थपरक अवस्थाहरू बीच समन्वय गर्ने कार्य गरेको छ।

# “यो अभूतपूर्व हो: ३५ जना महिलाहरूसँग अब कम्तीमा १०० हेक्टर जमिन हुनेछ। यो त एउटा क्रान्ति नै हो!”

**स्थानीय समुदायकी एक महिला**
REFACOF (द अफ्रिकन वुमेन्स नेटवर्क फर कम्युनिटी म्यानेजमेन्ट अफ फरेस्ट्स) साझेदार, क्यामरुन

सन् २०२५ मा अनुदान परिचालनमार्फत CLARIFI का प्रभावकारी उदाहरणहरू:

- **कोलम्बियाको प्रशान्त क्षेत्रमा,** ACADESAN ले सुरक्षालाई मर्यादा, अधिकार र सामूहिक हितसँग जोड्दै समुदाय-नेतृत्वको संरक्षण मोडेल निर्माण गरि मानवीय पूर्वाधार र सुदृढ स्थानीय शासनमार्फत समुदायको रक्षा गर्दछ। सामूहिक संरक्षणको मोडेलमार्फत मानव अधिकारको रक्षा गर्नु भूमि र संस्कृतिको रक्षासँग अविभाज्य रूपमा जोडिएको छ भनेर नेताहरूले जोड दिएका छन्। वित्तीय अभाव र संस्थागत बाधाहरूका बाबजुद, CLARIFI ले ACADESAN लाई गरेको समर्थनले सामूहिक संरक्षण विस्तार गर्नाले कसरी जोखिमहरू न्यूनीकरण गर्न र समुदायहरूको सुरक्षा गर्न सकिन्छ भन्ने कुरा प्रमाणित गरेको छ।

- **क्यामरुनमा**, RRI का साझेदार REFACOF (महिलाहरूको भूमि र वन अधिकार प्रवद्र्धन गर्ने एक क्षेत्रीय सञ्जाल) ले आफ्नो निर्णय प्रक्रिया र संगठनात्मक प्रभावकारिता सुधार्नका लागि आन्तरिक प्रक्रिया र शासकीय संरचनालाई सुदृढ बनाएको छ। १६ देशका सदस्यहरूले मिलेर पाँच-वर्षीय रणनीतिक योजनाको मस्यौदा तयार गर्नुका साथै नयाँ क्षेत्रीय कार्यसमिति चयन गरेका छन्। स्थानीय स्तरमा, REFACOF को लैङ्गिक–रुपान्तरणकारी पहल लिलाग्ले (LILAGLÉ) प्रोटोकल’ले म्वेई (Ngweï) का पाँचवटा गाउँका महिलाहरूका लागि ३५ वटा प्रथाजन्य भूमि स्वामित्व प्रमाणपत्र सुनिश्चित गर्न मद्दत पुऱ्याएको छ, जसको कुल क्षेत्रफल १०० हेक्टरभन्दा बढी छ। थप १२ वटा गाउँहरूलाई पनि आफ्ना समुदायमा यस मोडेललाई दोहोऱ्याउनको लागि अनुरोध गर्न भनेर यस पहलले प्रेरित गरेको छ।

- **नेपालमा**, CLARIFI ले संरक्षण क्षेत्रहरूभित्र आदिवासी जनजातिको स्व-शासनलाई अगाडि बढाउन आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र (CIPRED) लाई सहयोग पुऱ्याएको छ। १,९९५ घरधुरीलाई समेटेर तयार पारिएको समुदायमा आधारित अनुगमन तथा सूचना प्रणालीको आधाररेखाले (baseline) यी क्षेत्रहरूमा आदिवासीहरूको भू-पूर्णाधिकार र जीविकोपार्जनको पहिलो सङ्खयात्मक(Quantitative) प्रमाण प्रस्तुत गरेको छ। महिला, युवा र सरकारी अधिकारीहरू गरी २०० भन्दा बढी नेतृत्वकर्ताहरूलाई अधिकार–आधारित संरक्षण र प्रथाजन्य कानुनका बारेमा तालिम दिइएको छ। मनाङ र मुस्ताङमा दुईवटा ऐतिहासिक ‘प्रथाजन्य सुशासन ऐन’ पारित वा पेस गरिएका छन्, जसले स्थानीय सरकारहरूले आदिवासी संस्थाहरूलाई औपचारिक मान्यता दिन सक्छन् भन्ने कुरा देखाएको छ। यस परियोजनाले महिला नेतृत्वका जीविकोपार्जन पहलहरूलाई सहयोग गर्नुका साथै गैर-काष्ठ वन पैदावारका लागि नमुना सामुदायिक पहुँच सम्बन्धी अनुमति समेत सुनिश्चित गरेको छ। तारबार लगाएर गरिने संरक्षण (fortress conservation) बाट अधिकार–आधारित साझेदारीतर्फ भएको विकासलाई ऐतिहासिक परिवर्तनको रुपमा यस परियोजनाले पहिचान गरेको छ।

## समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार

# ट्रपिकल एन्डिज (Tropical Andes) का परियोजनाहरू

**बोलिभियामा**, CLARIFI द्वारा RRI गठबन्धनका सदस्यहरूलाई प्रदान गरिएको निरन्तर सहयोगले क्षेत्रीय स्वामित्व अधिकारलाई अघि बढाउन तथा आदिवासीहरूको आवाजलाई सशक्त बनाउन मद्दत पुऱ्याएको छ। आदिवासी नेतृत्वको वर्षौं लामो प्रयास स्वरूप 'ताकाना II' (Tacana II) आदिवासी क्षेत्रको २,८३,१७९ हेक्टर जमिनलाई 'पुर्ख्यौली सामुदायिक भूमि' (Tierras Comunitarias de Origen-TCO) को रूपमा घोषणा गरिएको छ। फ्युन्डासियोन टिएरा (Fundación TIERRA) को नेतृत्वमा आदिवासी अधिकारधारकहरूका लागि यो महत्वपूर्ण विजय सम्भव भएको हो।



पेरुको बाजो क्विमिरीकी (Bajo Quimiriki) मा पूर्व चेतावनी र कार्य प्रणाली सम्बन्धी एक तालिम कार्यशालाका सहभागीहरू। तस्बिर: एइडेसेप-पेरु (AIDESEP-Peru)

**इक्वेडरमा**, 'शुआ मुचुअल सेन्टर' (Shuar Mutual Center) संरक्षित वन क्षेत्रभित्र जग्गाधनी प्रमाणपूर्जा प्राप्त गर्ने देशकै दोस्रो समुदाय बनेको छ, जसअन्तर्गत ३,५८० हेक्टर जमिनको स्वामित्व सुनिश्चित गरिएको छ। सरकारी मान्यता प्राप्त संरक्षित क्षेत्रहरूभित्र रहेका परम्परागत समुदायहरूका लागि यो एक महत्वपूर्ण राजनीतिक र प्रशासनिक विजय हो, जसको नेतृत्व द कन्फेडरेशन अफ इन्डिजिनस नेशनलिटीज अफ द इक्वेडोरियन अमेजन (CONFENIAE) ले गरेको थियो। यस प्रक्रियामा एक नवीन सहकार्य मोडेल अपनाइएको थियो, जसले प्राविधिक र कानुनी रणनीतिहरूसँगै समुदायमा आधारित संलग्नतालाई जोडेर प्रशासनिक बाधाहरूलाई सफलतापूर्वक पार गऱ्यो। CLARIFI को सहयोगले समुदायलाई राज्यका अधिकारीसमक्ष एक विस्तृत कानुनी प्रतिवेदन (legal dossier) बुझाउन मद्दत पुऱ्यायो जसमा विस्तृत समतलीय नक्साहरु (planimetric maps), सिमाना विवरण, व्यवस्थापन योजना, सामाजिक-ऐतिहासिक अध्ययन, र निर्णय प्रक्रियालाई आधिकारिकता दिन आवश्यक जनगणनाका तथ्याङ्कहरू समावेश थिए।

**पेरुमा,** आदिवासी समुदायहरूले आफ्नो क्षेत्रीय अधिकारमाथि हुने बाह्य खतराहरूबाट संरक्षण गर्न एक गतिशील अनुगमन तथा रिपोर्टिङ प्रणालीलाई सुदृढ बनाएका छन्। पेरुको अग्रणी राष्ट्रिय आदिवासी संगठन AIDESEP ले 'SAAT' नामक एउटा डिजिटल प्लेटफर्मलाई एकीकृत गरेको छ, जसमा समुदायहरूका लागि वास्तविक-समयको अनुगमन तथा पूर्व चेतावनी प्रणाली समावेश छन्। पेरुभियन अमेजनका आदिवासी समुदायहरूलाई राजधानीका निर्णयकर्ताहरूसँग जोड्ने यो प्रणाली एक केन्द्रीय सर्भरमा आधारित छ। यसले कुनै पनि खतरा उत्पन्न हुनासाथ AIDESEP लाई आफ्नो राष्ट्रिय सुरक्षा संयन्त्र तुरुन्तै सक्रिय बनाउन सक्षम बनाउँछ। AIDESEP ले समुदायका सदस्यहरू, विशेष गरी युवाहरूलाई प्रविधिको प्रयोगसम्बन्धी तालिम समेत प्रदान गर्दछ।

## समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार

# कङ्गो बेसिनका परियोजनाहरू

**DRC मा**, कङ्गो रिसोर्सेस इन्स्टिच्युट (CRI) ले १५,८०७.५३ हेक्टर क्षेत्रफलमा सामुदायिक वन व्यवस्थापनको स्थापनाका लागि सहयोग पुऱ्याएको छ। यसअन्तर्गत किसियोङ्गो (Kishiongo) र कासाम्वान्जा (Kasambanza) का समुदायहरूलाई उनीहरूको भूमिको नक्साङ्कन गर्न र सहभागितामूलक नक्साङ्कन पश्चात् सामुदायिक सहुलियतयुक्त स्वामित्व (Community Concession Titles) का लागि आवेदन दिन मद्दत गरिएको छ। यस परियोजनाले स्थानीय स्वामित्वलाई सुदृढ बनाएको छ र प्रथाजन्य अधिकारीहरू (customary authorities) तथा सरकारी सेवाबीच सहकार्यलाई सुदृढ बनाएको छ। परियोजनाले २४० स्थानीय सदस्यहरूलाई सामुदायिक वन र शासनसम्बन्धी तालिम ,थप १०० जना महिला र युवाहरूलाई कृषि-वन (Agroforestry) र खेती प्रविधिसम्बन्धी तालिम दिइएको छ। समुदायहरूले नर्सरीमा १८,००० बिरुवाहरू र ५,००० स्थानीय प्रजातिका रूखहरू रोपेका छन् र  कसावा , भन्टा, बोडी, टमाटर र भिन्डीको उत्पादकत्वमा सुधार ल्याइएको छ।



कङ्गो गणतन्त्रको न्गो जिल्लामा कृषि परियोजनाहरूबाट प्राप्त आफ्ना अनुभवहरू आदानप्रदान गर्दै महिला किसानहरू।
तस्बिर: एक्सन कम्युनिटी डेस फेमेस अटोक्टोनेस डु कङ्गो (ACFAC), २०२४

**गेबोनमा,** CLARIFI ले स्थानीय साझेदारहरूलाई आदिवासी समुदायहरूको दिगो कृषि उत्पादनमा प्राविधिक क्षमता अभिवृद्धि गरी उनीहरूको जलवायु उत्थानशीलता (Climate resilience) र खाद्य सुरक्षामा सुधार ल्याउन सहयोग पुऱ्याएको छ। यो परियोजना बिटौगाट (Bitougat) र डौमासी (Doumassi) गाउँहरूमा परम्परागत ज्ञानको दस्तावेजीकरण गर्न र स्थानीय परिवेश अनुसार कृषि-पारिस्थितिकीय(Agroecological) अभ्यासहरूलाई अनुकूलन गर्नमा केन्द्रित थियो। समुदायहरूको वर्तमान अवस्थाको सहभागीमूलक मूल्याङ्कनले उनीहरूको विद्यमान कृषि अभ्यासहरू, चुनौतीहरू र प्राथमिक आवश्यकताहरू पहिचान गऱ्यो। यी निष्कर्षहरूका आधारमा, आरआरआई ले १४ जना महिलासहित ३१ जना समुदायका सदस्यहरूलाई कृषि-पारिस्थितिकीय प्रविधि, दिगो जीविकोपार्जनका लागि खेतीपाती, र सामुदायिक संगठनका विषयमा तालिम प्रदान गऱ्यो, जसमा सहकारी र संघसंस्थाहरूलाई सुदृढ पार्ने कुरामा विशेष जोड दिइएको थियो।

**कंगो गणतन्त्र (Republic of the Congo)** को प्लेटो विभाग (Plateaux Department) अन्तर्गत एनजीओ जिल्लामा सञ्चालित एक परियोजनाले आदिवासी तथा स्थानीय समुदायका महिलाहरूको सामाजिक र आर्थिक सशक्तीकरणलाई सुदृढ बनाएको थियो। CLARIFI को स्थानीय साझेदार ACFAC ले जाका (Djaka) गाउँमा महिलाहरूको नेतृत्वमा दुईवटा कृषि उत्पादक समूहहरू स्थापना गरी प्रत्येक समूहलाई दुई हेक्टर जमिन उपलब्ध गराएको छ। यस परियोजनाले ती महिलाहरूलाई कसावा (Cassava), कोको (Cocoa), खुर्सानी र मकै खेतीका लागि तालिम प्रदान गरेको छ। साथै, समूहहरूलाई कृषि पारिस्थितिकी (agroecology) र जलवायु परिवर्तन, वातावरण संरक्षण, लैंगिक हिंसा, भू-पूर्णाधिकार, तथा बचत र लघु-कर्जाका विषय सम्बन्धी तालिम पनि प्रदान गरिएको थियो। यस परियोजनाले भूमि विकास र खेतीका लागि आवश्यक आधारभूत कृषि औजारहरू खरिद गर्न महिलाहरूलाई प्रत्यक्ष वित्तीय सहयोग समेत उपलब्ध गराएको छ।

## समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार

# महिला नेतृत्वको जलवायु वित्त

ब्राजाभिलमा सम्पन्न वन जलाधार क्षेत्रका आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको पहिलो विश्व महाधिवेशनमा, CLARIFI ले अफ्रिकाभरिका महिलाद्वारा सञ्चालित आठवटा स्थानीय पहलहरूलाई कुल २,४०,००० अमेरिकी डलर पुरस्कार स्वरूप प्रदान गर्‍यो। यस अन्तर्गत प्रत्येक पहलले ३०,००० डलर प्राप्त गरेका छन्।



कङ्गो गणतन्त्रको ब्राजाभिलमा आयोजित वन बेसिनका आदिवासी जनजाति र स्थानीय समुदायहरूको पहिलो विश्वव्यापी सम्मेलनमा माइक्रोफोनमा बोल्दै एक सहभागी। तस्बिर: REPALEAC RRI, २०२५

यी पहलहरूले माटो पुनरुत्पादन, जैविक विविधताको पुनर्स्थापना, भूमि तथा स्वामित्व अधिकारसम्बन्धी पैरवी, र दिगो जीविकोपार्जनलाई अघि बढाइरहेका छन्। UNIPROBA ले बुरुन्डीका बात्वा (Batwa) महिलाहरूका लागि भूमि पहुँच विस्तार तथा तालिम कार्यक्रमहरू विस्तार गरिरहेको छ। आदिवासी जनजाति र दिगो विकास (IPSD) ले क्यामरुनका म्बोरोरो (Mbororo) समुदायहरूमा उद्यमशीलता र सांस्कृतिक संरक्षणलाई प्रवद्र्धन गरिरहेको छ। त्यस्तै, ACFAC ले कंगो गणतन्त्रका वन क्षेत्रका महिलाहरूका लागि कृषि पारिस्थितिकी र लघु-कर्जा सहयोगलाई सुदृढ बनाइरहेको छ।

CLARIFI ले WiGSA मा आबद्ध चारवटा संस्थाहरूलाई प्रत्यक्ष रूपमा कोष उपलब्ध गराउनुका साथै ट्रपिकल एन्डिज (Tropical Andes) र कंगो बेसिन (Congo Basin) मा आफ्ना क्षेत्रीय कार्यक्रमहरू र समुदाय-नेतृत्वका संयन्त्रहरू मार्फत अन्य सातवटा संस्थाहरूलाई अप्रत्यक्ष सहयोग पुर्‍याएको छ। आरआरआई को लैंगिक न्याय  कार्यक्रम र CLARIFI ले भविष्यमा अझ बढी स्थानीय महिला संगठनहरूलाई सहयोग विस्तार गर्ने लक्ष्य राखेका छन्। यसका लागि आगामी कोष परिचालन चक्रहरूमा विचार गर्न WiGSA परियोजनाहरूको एक पाइपलाइन तयार गरिएको छ, जसले IP, ADP र LC महिलाहरूका लागि वित्तीय स्रोतमा प्रत्यक्ष पहुँच बढाउन मद्दत पुर्‍याउनेछ।

यी पहलहरूले संयुक्त रूपमा आफ्ना समुदायहरूमा अधिकारमा आधारित र जलवायु-उत्थानशील विकासलाई अगाडि बढाउन महिलाहरूको रूपान्तरणकारी भूमिकालाई प्रमाणित गरिरहेका छन्।

## समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार

# विश्वव्यापी वित्तीय प्रतिज्ञा र प्रतिबद्धताहरूलाई प्रभाव पार्दै

कानुनी सुधारहरूजस्तै, विश्वव्यापी वित्तीय संरचनामा हुने परिवर्तनहरू पनि एकै रातमा हुँदैनन्। यस्ता परिवर्तनहरू दीर्घकालीन र निरन्तर पैरवीद्वारा अघि बढाइन्छन्, जुन प्राय: ठूला मञ्चहरूको औपचारिक दायराबाहिरै लामो समयसम्म सञ्चालन हुन्छ, परिवर्तन देखिनु अघि नै।




ब्राजिलको बेलेममा आयोजित UNFCCC COP30 मा युवाहरूको नेतृत्वमा सम्पन्न एक सफल साइड इभेन्ट पछि सामूहिक तस्बिरका लागि तयारी हुँदै युवाहरू। तस्बिर: RRI, २०२५

RRI र यसका आबद्ध संस्थाहरूले १.८ अर्ब डलर को वन तथा भू-पूर्णाधिकार प्रतिबद्धता (Forest and Land Tenure Pledge) र नोभेम्बर २०२५ मा आयोजित कोप-३० (COP30) विश्व नेतृत्वकर्ताको शिखर सम्मेलनमा घोषणा गरिएको ऐतिहासिक अन्तर-सरकारी भू-पूर्णाधिकार प्रतिबद्धता (ILTC) लाई महत्वपूर्ण पैरवीको भूमिका निर्वाह गरेका थिए। यस सम्मेलनमा १५ वटा देशहरू र धेरै परोपकारी संस्थाहरूले सन् २०३० सम्ममा IPs, ADPs र LCs को स्वामित्वमा रहेको **१६ करोड हेक्टर** जमिनमा भू-पूर्णाधिकारको अधिकार सुरक्षित गर्ने र सार्वजनिक वित्तीय सहयोग पनि बढाउने प्रतिबद्धता गरिएको थियो।

सन् २०२५ का यी ऐतिहासिक सफलताहरूमा RRI ले कसरी योगदान पुऱ्यायो भन्नेबारे जान्नुहोस्:

| | |
|---|---|
| **अप्रिल** | आदिवासी मुद्दाहरूका लागि संयुक्त राष्ट्रसंघीय स्थायी मञ्च (UNPFII) मा COP30 को अध्यक्षता र FCLP सँग पैरवी तथा औपचारिक छलफल। |
| **मे** | वन क्षेत्रका (Forest Basins) आदिवासी जनजाति र स्थानीय समुदायहरूको पहिलो विश्व सम्मेलनबाट ब्राजाभिल घोषणापत्र (Brazzaville Declaration) जारी। |
| **जुलाई** | लन्डन जलवायु कार्य सप्ताह (London Climate Action Week) मा सक्रिय सहभागिता। |
| **अगस्ट** | RRI र WiGSA द्वारा IPs, ADPs र LCs महिलाहरूमा पुग्ने विश्वव्यापी वित्तीय सहयोग सम्बन्धी पहिलो ऐतिहासिक विश्लेषण सार्वजनिक। |
| **सेप्टेम्बर** | पाथ टु स्केल (Path to Scale) ड्यासबोर्डको प्रकाशन। |
| **सेप्टेम्बर** | न्युयोर्क जलवायु सप्ताह (New York Climate Week) मा सहभागिता। |
| **नोभेम्बर** | UNFCCC को COP30 मा उपस्थिति। |

वार्षिक योगदानहरू यस प्रकार छन्:

- दाताहरू र मध्यस्थकर्ताहरूको पाथ टु स्केल (Path to Scale) सञ्जालको समन्वय।
- टेन्योर फेसिलिटी (Tenure Facility) र इफ नट अस देन हु? (If Not Us Then Who?) सँगको सहकार्यमा द प्लेज वि वान्ट' (The Pledge We Want**)** अभियान।
- CLARIFI मार्फत ट्रपिकल एन्डिज (Tropical Andes) र कंगो बेसिन (Congo Basin) का समुदायहरूमा गरिएको प्रत्यक्ष वित्तीय सहयोगको प्रभाव साझा गर्ने

## समुदायका लागि प्रत्यक्ष र लचिलो वित्त व्यवस्थाको विस्तार

# पैरवी र विश्लेषणका साथ गति निर्माण

मे २०२५ मा, RRI ले REPALEAC र GATC सँगको सहकार्यमा वन जलाधार क्षेत्रका (Forest Basins) आदिवासी जनजाति र स्थानीय समुदायहरूको पहिलो विश्व महाधिवेशन आयोजना गऱ्यो। यस कार्यक्रममा अफ्रिका, एशिया, मेसोअमेरिका र दक्षिण अमेरिकाबाट १५६ प्रतिनिधिहरू Brazzaville मा सहभागिता भएका थिए। सहभागीहरूले ब्राजाभिल घोषणापत्र (Brazzaville Declaration) सार्वजनिक गरे र उक्त दस्ताबेजलाई COP30 अघि आफ्ना अधिकारहरूको पैरवी गर्न प्रयोग गरे। यसले FTFG र अन्य विश्वव्यापी दाताहरूद्वारा घोषित महत्वपूर्ण वित्तीय सहयोग जुटाउन ठूलो योगदान पुऱ्यायो। विशेष गरी, नोभेम्बर २०२५ मा आयोजित COP-30 पूर्वको 'नेताहरूको शिखर सम्मेलन' का क्रममा कंगो गणतन्त्रका राष्ट्रपतिले आफ्नो मन्तव्यमा यसै घोषणापत्रलाई उद्धृत गर्दै अन्य राष्ट्र प्रमुखहरूलाई IPs र LCs को भूमि तथा स्रोतमाथिको अधिकारलाई मान्यता दिन आग्रह गर्नुभयो।

ग्लोबल ल्यान्ड एलायन्स सँगको सहकार्यमा, RRI ले FCLP अन्तर्गत ILTC का लागि धेरै राष्ट्रिय प्रतिबद्धताहरूको समन्वय गऱ्यो। दाताहरू र अन्य प्रमुख सरोकारवालाहरूसँगको निरन्तर संवाद, 'द प्लेज वि वान्ट' (The Pledge We Want) अभियान र रणनीतिक विश्लेषणमार्फत आरआरआई को प्रयासले यस प्रतिबद्धतालाई नयाँ सहयोगी प्रणालीहरु लगायत दाताहरूसम्म विस्तार गर्न मद्दत पुऱ्यायो र यस क्रममा, अधिकारधारहरुलाई प्रत्यक्ष फन्डिङ गरिनुपर्छ भन्ने धारणालाई सुनिश्चित गऱ्यो।

RRI को 'पाथ टु स्केल फन्डिङ ड्यासबोर्ड' (Path to Scale Funding Dashboard) र अद्यावधिक गरिएको 'स्टेट अफ फन्डिङ' प्रतिवेदनले IPs, ADPs र LCs का लागि आउने विश्वव्यापी सहायताको अनुगमन गरेको छ। यस प्रक्रियामा वन क्षेत्रका अतिरिक्त अन्य पारिस्थितिक प्रणालीहरूलाई समेत समेटेर यसको दायरा विस्तार गरिएको छ। RRI र WiGSA द्वारा गरिएको अनुसन्धानले वित्त (फन्डिङ्)लाई पनि ट्र्याक गरेर विशेषत: IPs, ADPs र LCs महिलाहरूमा पुग्ने वित्तीय सहयोगलाई अनुगमन गरेको थियो, जसले दाताहरूलाई आफ्ना वित्तीय प्रतिबद्धताहरूमा लैङ्गिक पक्षलाई अझ स्पष्ट रूपमा समेट्न प्रेरित गरेको छ। COP30 भन्दा अगाडि सार्वजनिक गरिएका यी विश्लेषणात्मक उपकरणहरूले पैरवीलाई थप सशक्त बनाएका छन् र सन् २०३० सम्मका जलवायु तथा जैविक विविधताका लक्ष्यहरूप्रतिको जवाफदेहिता सुनिश्चित गर्न निरन्तर मार्गदर्शन गरिरहनेछन्।

> "यस महाधिवेशनमा विभिन्न महादेश, परम्परा र पुस्ताहरूबीच भएको सहकार्यले सामूहिक कार्यमा नै शक्ति निहित हुन्छ भन्ने कुरालाई शक्तिशाली तरिकाले याद दिलाएको छ। न्यायपूर्ण, बस्न योग्य र समतामूलक भविष्यका लागि साझा मार्ग तय गर्न हामी आफ्नो ज्ञानको गहिराइ र सहयोगको भावनालाई निरन्तर प्रयोग गर्न तयार छौँ।"
>
> **ब्राजाभिल घोषणापत्र**

## प्रमाण, जवाफदेहिता र वैचारिक नेतृत्व

# भू-पूर्णाधिकार ट्र्याकिङ र लैंगिक तथ्याङ्क

RRI को प्रमुख लैंगिक विश्लेषण, रेजिलेन्स एन्ड रेसिस्टेन्स (Resilience and Resistance) ले सन् २०२४ सम्ममा ३५ वटा देशहरूमा सामुदायिक वनमा महिलाहरूको कानुनी रूपमा मान्यता प्राप्त अधिकारहरूको अद्यावधिक मूल्याङ्कन प्रदान गरेको छ। यस प्रतिवेदनले सन् २०१६ यता भएका कानुनी सुधारहरूको परीक्षण गर्नुका साथै IP, ADP र LC का महिला नेतृहरूलाई विभेदकारी कानुनहरूलाई चुनौती दिन र सशक्तसुरक्षाको पैरवी गर्न ठोस प्रमाणहरू उपलब्ध गराएको छ।



पानामाको आदिवासी इपेती एम्बेरा (Ipeti Embera) समुदायकी सदस्य सारा ओमी बिरुवा रोप्दै।
तस्बिर: आशा स्टुअर्ट
RRI, २०२५

'कमिसन अन द स्टाटस अफ वुमेन' (CSW69) को ६९औँ सत्रमा सार्वजनिक गरिएको उक्त विश्लेषणले विश्वव्यापी महिला अधिकारको कार्यसूचीलाई अगाडि बढाउन सरकारहरूले चाल्न सक्ने व्यावहारिक नीतिगत कदमहरू पहिचान गरेको छ। साथै, CSW69 कै अवसरमा WiGSA का सदस्यहरू तथा अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका आदिवासी महिला नेताहरूले कानुनी प्रमाणलाई वास्तविक भोगाइहरूसँग जोड्दै, सामुदायिक क्षमतालाई बलियो बनाई नीतिगत सुधारहरुमा प्रभाव पार्नका निम्ति छलफलमा सहभागी भएका थिए।

रेजिलेन्स एन्ड रेसिस्टेन्स (Resilience and Resistance) बाट प्राप्त तथ्याङ्कले अन्तर-क्षेत्रीय सहकर्मी सिकाइ (peer learning) लाई पनि सहयोग पुर्‍याएको जानकारी प्रदान गर्‍यो, जसअन्तर्गत पेरु र नेपालका महिला नेतृहरूबीच राष्ट्रिय कानुनी ढाँचाहरूको तुलना गर्न र अन्तर्राष्ट्रिय ऐक्यबद्धता निर्माण गर्न अनुभव आदानप्रदानका कार्यक्रमहरू सञ्चालन गरिएका थिए।

## प्रमाण, जवाफदेहिता र वैचारिक नेतृत्व

# समुदाय-नेतृत्वको संरक्षणसम्बन्धी प्रमाणहरू

सन् २०२५ मा, आरआरआई (RRI) ले ३० वटा देशहरूको कानुनी ढाँचा र जैविक विविधता रणनीतिहरूको मूल्याङ्कन गर्दै अधिकार–आधारित समुदाय–नेतृत्व संरक्षणका (Enabling Pathways for Rights-based Community-led Conservation) सम्बन्धी एक अध्ययन प्रकाशित गऱ्यो। ICCA कन्सोर्टियम र फरेस्ट पिपल्स प्रोग्राम सँगको सहकार्यमा तयार पारिएको उक्त विश्लेषणले समुदाय-आधारित संरक्षणलाई मान्यता दिने कानुनी मार्गहरू अस्तित्वमा भए तापनि, ती अझै पर्याप्त रूपमा प्रयोग नगरिएको र अपर्याप्त रहेको निष्कर्ष निकालेको छ।

IUCN विश्व संरक्षण सम्मेलन (World Conservation Congress) मा प्रस्तुत गरिएका यी निष्कर्षहरूले '३०×३०' लक्ष्य प्राप्तिका लागि अधिकार–आधारित दृष्टिकोण अपनाउँदा आइपर्ने संरचनागत बाधाहरूबारे छलफललाई विस्तृत बनाएका छन् साथै विश्वव्यापी जैविक विविधता रणनीतिहरूमा सामुदायिक सुशासनको पक्षलाई अझ सुदृढ बनाएका छन्।आगामी दिनमा, RRI ले यी निष्कर्षहरूलाई IUCN को जैविक विविधता सम्बन्धी अन्तर्राष्ट्रिय आदिवासी मञ्चलाई (International Indigenous Forum) सहयोग गर्न प्रयोग गर्नेछ।"



इन्डोनेसियाको रियाउ प्रान्तमा तालाङ ममाक समुदायका सदस्यहरू वन पैदावार संकलन गर्दै।
तस्बिर: ज्याकोब मेन्ट्ज (Jacob Maentz) RRI ,२०२२

## प्रमाण, जवाफदेहिता र वैचारिक नेतृत्व

# सिकाइ, अनुकूलन र जवाफदेहिताप्रतिको प्रतिबद्धता

सन् २०२५ मा, RRI ले आफ्नो स्थापनाको २०औँ वार्षिकोत्सवको अवसरमा विगत दुई दशकका गठबन्धनका प्रभाव र प्राप्त सिकाइहरूको समीक्षा गर्‍यो। नेपालमा आयोजित २०औँ वार्षिकोत्सव समारोहमा संस्थापक सदस्य र वर्तमान साझेदारहरूलाई भेला गराएपछि, RRI ले एक ऐतिहासिक उपलब्धि प्रतिवेदन (Landmark Achievements Report) प्रकाशित गर्नुका साथै गठबन्धनको प्रारम्भिक लक्ष्यहरूदेखि अभूतपूर्व सफलताहरूसम्मको विकासक्रमलाई समेटेर एक वृत्तचित्र निर्माण गरेको छ।



श्री विन्देश्वरी सामुदायिक वन, नेपाल। यो सामुदायिक वन ५४ हेक्टर क्षेत्रफलमा फैलिएको छ र २५४ घरधुरीद्वारा व्यवस्थित छ। मुख्यतया आदिवासी जनजाति र स्थानीय समुदायका महिलाहरूले यस वनको व्यवस्थापन गर्छन् र उनीहरूले विगत ३० वर्षभन्दा बढी समयदेखि यसो गर्दै आएका छन्। तस्बिर: आशा स्टुअर्ट RRI, २०२५

यस प्रक्रियामा एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका संस्थापकहरू, गठबन्धनका नेताहरू, महिला, युवा, तथा IP, ADP, र LC का नेतृत्वकर्ताहरूसँग १०० भन्दा बढी अन्तर्वार्ताहरू समावेश गरिएका थिए। प्रतिवेदनलाई फ्रान्सेली, स्पेनी, पोर्तुगाली, बहासा इन्डोनेसियाली र नेपाली भाषामा अनुवाद गरिएको थियो; र अक्टोबरमा सार्वजनिक गरिएको वृत्तचित्रलाई हाल गठबन्धनका अन्य भाषाहरूमा सबटाइटल (subtitle) राख्ने कार्य भइरहेको छ।

सन् २०२५ भरि, RRI ले गठबन्धनका सदस्यहरूका लागि पैरवी-योग्य ग्राफिक्स सहित ६ वटा भाषाहरूमा थप १२ वटा विश्लेषण र नीतिगत संक्षिप्त विवरणहरू प्रकाशित, अनुवाद र वितरण गरेको छ। यसका साथै, संस्थाले 'ल्यान्ड राइट्स स्ट्यान्डर्ड' (Land Rights Standard) का लागि एक नयाँ र जीवन्त वेबसाइटको सुरुवात गरेको छ। यसले सार्वजनिक र निजी निकायहरूलाई उनीहरूको जलवायु, संरक्षण, र दिगो विकासका परियोजनाहरूमा IP, LC, र ADP का अधिकारहरूलाई मान्यता दिने र सम्मान गर्ने अधिकारमुखी सिद्धान्तहरूको व्याख्या र कार्यान्वयन गर्न एक गतिशील र पहुँचयोग्य स्रोत प्रदान गर्दछ।

समग्रमा, यी RRI विश्लेषण र उत्पादनहरूले हाम्रो विश्वव्यापी सञ्जालमा पारदर्शिता, सिकाइ, र तथ्यमा आधारित पैरवीलाई थप सुदृढ बनाएका छन्।

# चयनित प्रकाशनहरू




## गहिरोसँग जरा गाडेर बढ्दै: सामूहिक प्रभावका २० वर्ष र अगाडिको बाटो

एक न्यायपूर्ण र दिगो ग्रह निर्माण गर्ने उद्देश्यका साथ महादेश, संस्कृति र आन्दोलनहरूमा RRI को दुई दशकको कामको एक सिंहावलोकन।

प्रकाशन डाउनलोड गर्नुहोस् >




## भूमि अधिकारका लागि कोषसम्बन्धी वार्षिक प्रतिवेदन

आदिवासी जनसमुदाय, स्थानीय समुदाय, र उष्णकटिबंधीय देशहरूमा बसोबास गर्ने अफ्रिकी मूलका समुदायहरूलाई लक्षित गर्ने दाताहरूबाट प्राप्त कोषको अवस्थाबारे एक वार्षिक अद्यावधिक, जसमा वन क्षेत्रभन्दा बाहिरका पारिस्थितिक प्रणालीहरूका लागि विस्तारित कोष समावेश छ।

प्रकाशन डाउनलोड गर्नुहोस् >




## सफलताको बाटो

अधिकार-आधारित र समुदाय-नेतृत्वमा आधारित संरक्षणतर्फको प्रगति मूल्याङ्कन गर्न ३० देशहरूको कानुनी संरचना र जैविक विविधता रणनीतिहरूको विश्लेषण।

प्रकाशन डाउनलोड गर्नुहोस् >



## के विश्वव्यापी कोष आदिवासी, अफ्रिकी-मूलका र स्थानीय महिलाहरूसम्म पुगिरहेको छ?

आदिवासी महिलाहरू, अफ्रिकी मूलका मानिसहरू र स्थानीय समुदायहरूका लागि कोषको अभाव र कोष प्रतिबद्धताहरूमा लैङ्गिक संवेदनशील दृष्टिकोण समावेश गर्नुपर्ने आवश्यकतालाई उजागर गर्ने एक विश्लेषण।

प्रकाशन डाउनलोड गर्नुहोस्



## ग्रह बचाउन समुदायहरूको संरक्षण

आफ्ना भूभाग र संस्कृति संरक्षण गरिरहेका समुदायहरूबाट प्राप्त सर्वोत्तम अभ्यासहरू, ग्वाटेमालाको माया जैवमण्डल आरक्षण र इन्डोनेसियाको एङ्गानो टापुदेखि भारतको बस्तर क्षेत्र, इक्वेडोरको अमेजन र कोलम्बियासम्म।

प्रकाशन डाउनलोड गर्नुहोस्




## लचकता र प्रतिरोध

ग्लोबल साउथका ३५ प्रमुख देशहरूमा आदिवासी महिलाहरू, अफ्रिकी मूलका मानिसहरू, र स्थानीय समुदायहरूका लागि वन अधिकारसम्बन्धी अवस्थाको हालैको मूल्याङ्कन।

प्रकाशन डाउनलोड गर्नुहोस्




## उष्णकटिबंधीय र उपोष्णकटिबंधीय वन तथा भूमिसम्बन्धी आदिवासी जनता, अफ्रिकी मूलका मानिसहरू, र स्थानीय समुदायहरूको कार्बन अधिकार

पेरिस सम्झौताको सन्दर्भमा ३३ देशहरूमा समुदाय-धारित कार्बन अधिकारहरूको मान्यताको वर्तमान स्थितिको एक व्यवस्थित विश्लेषण।

प्रकाशन डाउनलोड गर्नुहोस् >




## अधिकार-आधारित NDC हरूको प्रस्तावित मोडेल

पेरिस सम्झौता अन्तर्गत स्थापना गरिएका राष्ट्रिय रूपमा निर्धारित योगदान (NDCs) का आदर्श प्रतिबद्धताहरूको रूपरेखा प्रस्तुत गर्ने एक व्यावहारिक ढाँचा, जसले अधिकार-आधारित सिद्धान्तहरूलाई मापनयोग्य जलवायु कार्यमा रूपान्तरण गर्नका लागि ठोस प्रारम्भिक बिन्दुहरू पहिचान गर्दछ।

प्रकाशन डाउनलोड गर्नुहोस् >




## एटलस: ग्रेटर क्यारिबियनमा अफ्रिकी वंशजका समुद्री क्षेत्रहरू

यो अध्ययनले २६ देशहरूका जनगणना, भू-स्थानिक र जलवायु डेटालाई सामुदायिक प्रतिवेदनहरूसँग संयोजन गरी अफ्रिकी वंशज समुदायहरूले प्रयोग गर्ने समुद्री र तटीय क्षेत्रहरूमा जलवायु परिवर्तनका प्रभावहरू पहिचान गर्दछ।

प्रकाशन डाउनलोड गर्नुहोस् >

# हाम्रो कार्यबाट प्राप्त सिकाइहरु

सन् २०२५ मा गरिएका हाम्रा सामूहिक प्रयासहरूले निम्न सिकाइलाई थप सुदृढ बनाएका छन्, जसलाई हामीले निरन्तर रूपमा मनन गरिरहेका छौँ र हाम्रा कार्यक्रमहरूमा क्रमश: समावेश गर्दै लगिरहेका छौँ।

## सुदृण प्रत्यक्ष वित्तिय सहयोग

IP, ADP, र LC का संस्थाहरूका लागि प्रत्यक्ष वित्तिय सहयोग सुधार गर्न अनुदान योग्यताका सर्तहरूलाई सरलीकृत गर्न आवश्यक छ। साथै, यदि अनुदान प्राप्तकर्ताहरूको प्रशासनिक बोझ कम गर्ने र साना तथा कम अनुभवी संस्थाहरू सम्म पुग्ने लक्ष्य हो भने, अनुदान व्यवस्थापनका प्रक्रियाहरूलाई सुव्यवस्थित र थप लचिलो बनाउनु पर्दछ। अनुदान व्यवस्थापन सहयोगको एक हिस्साको रूपमा क्षमता सुदृढीकरणलाई जोडेर, अनुदान प्राप्तकर्ता संस्थाहरू जुन अवस्थामा छन् त्यहीँबाट उनीहरूको स्वीकार्यता, दृश्यता, र कोषको विविधीकरणमा सुधार ल्याउने मार्गहरूमा सहयोग पुर्‍याउने लक्ष्य हामी राख्दछौँ। प्रत्यक्ष अनुदानका अतिरिक्त, अनुदान दिनका लागि भूमि सम्बन्धी कोषको क्षमता विकास गरि भूमि सम्बन्धित विषयहरुमा स्वामित्व बढाउनु र वित्तिय सहयोग सुदृण गर्नु भनेको- IPs, ADPs, and LCs का लागि अझै पहुँचयुक्त वित्तिय सहयोग प्राप्त गर्नका लागि महत्वपूर्ण पक्ष हो।

---

## अधिकारहरूको सङ्गालो

मानव अधिकारहरू अविभाज्य हुन्छन्; त्यसैले यसको प्रवर्द्धन र रक्षा अनिवार्य रूपमा सर्वाङ्गिण र बहुआयामिक हुनुपर्दछ। सामूहिक भू-पूर्णाधिकारको अधिकारलाई अगाडि बढाउँदा IPs, ADPs र LCs को समग्र हितका कार्यहरूलाई पनि साथसाथै लैजानुपर्छ। यसका लागि दिगो स्थानीय अर्थतन्त्रलाई समर्थन गर्ने, समावेशी तथा सुदृढ शासन संरचनाहरू विकास गर्ने, तथा महिला, पुरुष र युवाहरूको समान र न्यायपूर्ण सहभागितालाई प्राथमिकता दिइन्छ। RRI को सहयोगले क्रमश IPs, ADPs र LCs का समग्र हितका लागि अझ व्यापक र बृहत् प्रतिक्रियालाई समेट्दै लगेको छ।

---

## सामूहिक कार्यलाई अगाडि बढाउने

स्थापित राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी मञ्चहरूको ढाँचाभित्र र सोभन्दा बाहिर पनि अनुभव आदानप्रदान, समन्वय र भेला हुन सक्षम बनाउन निरन्तर र दिगो सहयोगको आवश्यकता पर्दछ। विशेष गरी महिला र युवाहरूको नेतृत्वमा रहेका गठबन्धनहरूको उदीयमान दृश्यता र प्रभावलाई बढावा दिन उनीहरूको क्षमता सुदृढीकरणका लागि विशेष 'कोचिङ' (परामर्श), भेला हुने अवसर, र प्राविधिक तथा संगठनात्मक सुदृढीकरण सहयोगको आवश्यकता हुन्छ। विशेष गरि महिला तथा युवाद्वारा नेतृत्व गरिएको IP, ADP, र LC का गठबन्धनको सन्दर्भमा, उनीहरुको उदीयमान दृश्यता र प्रभावलाई बढावा दिनको निम्ति समर्पित र निरन्तर कोचिङ (परामर्श), भेला तथा प्राविधिक एवं संगठनात्मक सुदृढीकरण सहयोगको आवश्यकता पर्दछ।

---

## भूमि अधिकार रक्षकहरूको संरक्षण

भूमि अधिकारको रक्षा गर्ने क्रममा अभियन्ताहरू प्राय: द्वन्द्वको अग्रपङ्क्तिमा हुन्छन्। भूमि अधिकार रक्षकहरूको सामूहिक सुरक्षालाई प्रभावकारी भूमि सुशासनको एक प्रमुख पक्षको रूपमा हेर्नुपर्ने आवश्यकता बढ्दै गएको छ। महिला र युवा भूमि अधिकार रक्षकहरूको बहुआयामिक सामाजिक जोखिमका कारण उनीहरूको सुरक्षा अझ बढी जोखिममा हुन्छन्। यस सन्दर्भमा, RRI ले सामुदायिक निगरानी सञ्जाल, संरक्षण संस्थाहरूसँगको गठबन्धन, रक्षकहरूको लागि कानुनी प्रतिरक्षा, र स्थानीय सुरक्षाका उपायहरू बढाउनका लागि पैरवी गर्ने कार्यमा आफ्नो सहयोग वृद्धि गर्दै लगेको छ।

# सुशासन, जवाफदेहिता र जिम्मेवारी व्यवस्थापन

| | |
|---|---|
| **सञ्चालक समिति सदस्यहरू** | गठबन्धनका लागि सुशासन, वित्त, प्रशासन, कार्यक्रमहरूको विस्तार वा समीक्षा, कोष संयन्त्र, कानुनी मामिलाहरू र जोखिम व्यवस्थापनका सम्बन्धमा रणनीतिक निर्णयहरू गर्दछन्। |
| **सल्लाहकार परिषद्** | यसले गठबन्धनको व्यवस्थापनको रेखदेख गर्छ, नयाँ साझेदारहरूलाई स्वीकृति दिन्छ, र बोर्डमा रहने साझेदार प्रतिनिधिहरूको छनोटका लागि मतदान गर्छ। यसले तदर्थ विषयहरू जस्तै—साझेदारीका लागि हस्ताक्षर अनुरोध, संकट व्यवस्थापन, र कार्यक्रमसम्बन्धी मार्गदर्शनमा सल्लाह प्रदान गर्दछ। |
| **साझेदारहरू** | RRI का कार्यक्रमहरूसँग आबद्ध रहने संस्थाहरू, जस्तै: रणनीतिक विश्लेषणहरूमा सह-लेखन गर्ने; कार्यशाला, वेबिनार र कार्यक्रमहरूको सह-आयोजना गर्ने; कोष संयन्त्र, रणनीतिक योजना प्रक्रियाहरू र RRI का अन्य गतिविधिहरूमा सहभागी हुने। |
| **अध्येताहरू (Fellows)** | RRI गठबन्धनलाई आफ्नो विशेषज्ञताका क्षेत्रहरूमा विज्ञतापूर्ण सहयोग प्रदान गर्दछन्। कार्यशाला, वेबिनार, लेख र प्रतिवेदनहरूका माध्यमबाट गठबन्धनलाई वैचारिक नेतृत्व र मार्गदर्शन प्रदान गर्दछन्। |
| **अग्रज परिषद्** | RRI संयोजक, अध्यक्ष र RRI को नेतृत्वलाई तदर्थ विषयहरूमा सल्लाह प्रदान गर्दछन्। उनीहरू भूमि अधिकार र वातावरणीय क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू हुन्, जसमा संस्थापकहरू, IPs, ADPs र LCs का वरिष्ठ नेता/अग्रजहरू, पूर्व बोर्ड अध्यक्षहरू र अन्य प्रख्यात व्यक्तिहरू समावेश छन्। |
| **सचिवालय** | कार्यक्रम समन्वय र कार्यान्वयनका लागि जिम्मेवार RRI का कर्मचारीहरू। |

RRI ले सन् २०२५ मा, गठबन्धनका विभिन्न निकायहरूको भूमिका र जिम्मेवारीहरू निर्धारण गर्ने आफ्नो समझदारी पत्र (MOU) को पुनरावलोकन गर्‍यो। MOU को नवीकरण प्रत्येक पाँच वर्षमा हुने गर्दछ र यो गठबन्धनको संरचनामाथि विचार गर्ने एउटा अवसर पनि हो। यस चक्रका लागि, RRI का साझेदारहरू, सञ्चालक समिति, अध्येताहरू, गठबन्धनका सदस्यहरू र सचिवालयसँगको व्यापक परामर्शपछि हामी गठबन्धनलाई नाटकीय रूपमा २० बाट विस्तार गरी ८० भन्दा बढी साझेदारहरूको सङ्ख्यामा पुर्‍याउन सहमत भयौं। साथै, गठबन्धनको वृद्धिलाई व्यवस्थापन र मार्गदर्शन गर्न एउटा सल्लाहकार परिषद् र अग्रज परिषद् गठन गर्न पनि गठबन्धन सहमत भएको छ।

RRI अध्यक्ष र संयोजकको नेतृत्वमा रहने सचिवालयले गठबन्धनको समन्वयकारी निकायको रूपमा कार्य गर्दछ र यसलाई वरिष्ठ तथा कनिष्ठ पेशामा आवद्ध व्यक्तिहरु, देश तथा क्षेत्रीय विशेषज्ञहरू र कार्यक्षेत्रका नेतृत्वकर्ताहरूले सहयोग गर्दछन्। यसले अधिकारको मान्यतालाई अगाडि बढाउन प्रमाणहरू जुटाउँछ, अनुसन्धान तथा पैरवी गर्दछ र निष्कर्षहरूलाई विश्वव्यापी रूपमा प्रचार-प्रसार गर्दछ। यसले विभिन्न सरोकारवालाहरूलाई एकत्रित गर्दछ, सहकार्यलाई बढावा दिन्छ र देश-स्तरको संलग्नता मार्फत भू-पूर्णाधिकार सुधारमा सहयोग पुर्‍याउँछ। सचिवालयले सामुदायिक भूमि अधिकारका प्रयासहरूमा रहेका रिक्तताहरूलाई पूर्ति गर्ने पहलहरूको विकास गर्दछ र SRM मार्फत तत्काल प्रतिकार्यका लागि कोष उपलब्ध गराउँछ। साथै, यसले अनुगमन, मूल्याङ्कन र सिकाइको नेतृत्व गर्दछ, दाताहरूसँगको सम्बन्ध कायम राख्दछ, आयको विविधीकरण गर्दछ र RRI सञ्चालक समितिको रेखदेख अन्तर्गत सञ्चालन गर्दछ।

आरआरआई (RRI) महिला र युवाहरूको आवाजलाई सशक्त बनाउन र भूमि तथा भू-पूर्णाधिकार सम्बन्धी अधिकारलाई अगाडि बढाउन विशिष्ट सरोकारवालाहरूसँग संलग्न हुन विभिन्न गठबन्धन र पहलहरूलाई विकास र सहयोग गर्नका लागि परिचित छ। यस अन्तर्गत निम्न पर्दछन्: विमेन इन ग्लोबल साउथ एलायन्स (WiGSA), सार्वजनिक वन निकायका नेताहरूको सञ्जाल जसलाई मेगाफ्लोरेस्ताइस (MegaFlorestais) भनिन्छ, निजी क्षेत्रका प्रतिनिधिहरूको समूह इन्टरलाकेन ग्रुप (Interlaken Group), पाथ टु स्केल (Path to Scale) जसले दातृ निकायहरूलाई विश्वव्यापी कोष प्रतिबद्धताहरूप्रति उत्तरदायी बनाउन खोज्दछ र एउटा ग्लोबल युथ नेटवर्क (Global Youth Network) जसले सन् २०२५ मा आरआरआई (RRI) द्वारा आयोजित 'ग्लोबल युथ कंग्रेस' मा तयार गरिएको (roadmap) मार्गचित्र लाई अगाडि बढाइरहेको छ।

**क्षेत्रीय र विषयगत कार्यक्रमहरूका अतिरिक्त, आरआरआई (RRI) ले IP,ADP र LC तथा तिनीहरूका संस्थाहरूलाई सहयोग गर्न प्रत्यक्ष कोष संयन्त्रहरू निर्माण गरेको छ।** CLARIFI एउटा प्रत्यक्ष वित्तिय संयन्त्र हो, जसले समुदाय र दातृ निकायहरू बीच एक विश्वसनीय पुलको रूपमा काम गर्दै अधिकारधारक समुदायहरूको स्व-निर्धारित प्राथमिकताहरूलाई सहयोग गर्दछ। रणनीतिक प्रतिक्रिया संयन्त्र (SRM) लाई उदीयमान तथा जरुरी अवसर र चुनौतीहरूमा समयमै लचिलो प्रतिक्रिया प्रदान गर्नका लागि विशेष रूपमा तयार पारिएको हो। यसले वार्षिक कार्यक्रम योजना प्रक्रियालाई पूरक बनाउँदै अप्रत्याशित अवसरहरूको लागि द्रुत रूपमा कोष उपलब्ध गराउन सक्षम बनाउँछ।

# आर्थिक विवरण २०२५

**$११,०४१,२२३**
सुरक्षित कोषमा

**$३,८४६,८३८**
असुरक्षित कोषमा

CLARIFI

**$१५,२१३,३४३**
सुरक्षित कोषमा

**$९,३६३,६५५**
असुरक्षित कोषमा

**८१**
परियोजनाहरू

**२०**
देशहरू

Strategic Response Mechanism

**$६०५,५५३**
स्वीकृत कोषमा

**१४**
परियोजनाहरू

**१०**
देशहरू

*सबै कुल रकम USD मा छन्।



होन्डुरसमा एउटा आश्रयस्थल बाहिर आगोको चुल्होमा निहुरिएर काम गर्दै गरेकी एक महिला।
तस्बिर: इफ् नट अस देन हु? (If Not Us Then Who?)



# २०२५ वार्षिक प्रतिवेदन

RIGHTS + RESOURCES